लेखापरीक्षण प्रतिवेदन

याङवरक गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

याङ्वरक गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/311

"

श्रीमान् अध्यक्ष ज्यू

याङवरक गाउँ पालिका,

गाँउ कार्यपालिकाको कार्यालय,पाँचथर ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/311

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,

याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

पाँचथर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ याङवरक गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा यस पालिकाले वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोवार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.८६ करोड ५० लाख ८७ हजार लेखापरीक्षणबाट रु.१ करोड ९१ लाख ५५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १७ लाख ४ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ५ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख २२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४९ लाख २८ हजार गरी जम्मा रु.२ करोड ५ लाख ६७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १ करोड २८ लाख ५१ हजार मध्ये रु.९७ लाख ३४ हजार फस्योँट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. २ करोड ५ लाख ६७ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँ पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७८	५८	१,९१,५५,३४७	०	२१	१७,०४,७४३	०	७८	३७	१,७४,५०,६०४	५,००,२११	१,४९,२८,२५८	२०,२२,१३५	०	०	१,६९,५०,३९३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाँचथर	१,२८,५१,२५८	०	९७,३४,७१४	३११६५४४	०	१,७४,५०,६०४	२०५६७१४८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको				
१	२०८१/८२	८२	सुरक्षित नागरिक आवास कार्यक्रम	९०,०००
२	२०८१/८२	४५	वितरण भरपाई	१,९५,२६४
३	२०८१/८२	७६	बढी भुक्तानी	२२,९४८
४	२०८१/८२	५९	बढी परिमाण भुक्तानी	४३,१५०
५	२०८१/८२	६९	प्रमाण कागज पेश	४,२०,५१८
६	२०८१/८२	३३	पेश्की बाँकी	१,२५,०००
७	२०८१/८२	७३.१/७३.२	चिवाभञ्याङ्ग देखी तिम्बुपोखरी जाने पदमार्ग निर्माण	१,६५,८५६

८	२०८१/८२	३५	खोला ठेक्का	२०,२५७
९	२०८१/८२	४३	कार्यक्रम खर्चमा कर कट्टी	१४,९८५
१०	२०८१/८२	३६.२	आन्तरिक आय	२,२२,०००
११	२०८१/८२	६०	अनुदान खर्च	२,८४,७००
१२	२०८१/८२	५१	अक्षयकोषलाई बढी भुक्तानी	१०,०००
१३	२०८१/८२	६४.२	YRM/NCB/WORKS/No-01-081/82 च्याङ्गथापु तथा ओयाममा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकी निर्माण	९०,०६५
जम्मा				**१७०४७४३**
गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण				
१४	२०८०/८१	३७	सोझै खरिद	८८,७५,७१४
१५	२०८०/८१	८६	नाफामूलक संस्थालाई भुक्तानी	६,७९,०००
१६	२०८०/८१	४३	अन्य संस्थाको लेखापरीक्षण खर्च	१,८०,०००
जम्मा				**९७३४७१४**
कुल जम्मा				**१,१४,३९,४५७**

याङ्वरक गाउँपालिका, पाँचथर

(८०१०२५०६३००)

याङ्वरक गाउँपालिका , पाँचथर

परिचय

१ **परिचय -**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस याङ्वरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, २०८.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ३०० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२ देखि २०८२।६।६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय र व्ययतर्फ रु. ८६ करोड ५० लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न

छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६०००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	कर कट्टी	६००००

२ **एकीकृत वित्तीय विवरण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनसार लेखाङ्कन तथा प्रतिवेदन गर्नपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात			**चालु खर्च**		
१.संचित कोष	६७९००३५७.३		१.पालिका तर्फ	१११९७५९१२.२	
२.धरौटी	१३५६३९१०.५५		२. संघीय सशर्त(चालु)	१४९२७६१५०	
३.कार्यसञ्चालन कोष	३००८०९५.५		३. संघीय विशेष	0	
४. अन्य कोष			४. प्रदेश सशर्त	१९८८१०८	
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५०८२२४.				
विविध खर्च खाता	0				
स्थानीय तह आकस्मिक कोष खाता	१०४०२७५.				
यस वर्षको आय			५. प्रदेश विशेष	0	
राजश्व वाडफाड स्थानिय सरकार	१६५७६११.०४				
१.आन्तरिक आय	९२५६२६५.०७		**पुँजीगत खर्च**		
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	७१६०१३७३	
क) समानीकरण अनुदान	८०७४८८००		२. संघीय सशर्त	२०३४७६१३	
ख) राजस्व बाँडफाँट	८०२८७२३४.७९		३. संघीय विशेष	१५००००००	
ग) सशर्त अनुदान	१९८५५८३८१		४. संघीय समपुरक	0	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	१४७८६१६९	
ड) विशेष अनुदान	१५००००००		६. प्रदेश विशेष	0	
च) रोयल्टी			७. प्रदेश समपुरक	९९९९०१९	
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		
३. वित्तीय हस्तान्तरण (प्रदेश)			क) सामाजिक सुरक्षा	६८६०६५५२.९३	
क) समानीकरण अनुदान	५१६२०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६९५३००	
ख) राजस्व बाँडफाँट	४९३५६९५.८		....		
ग) सशर्त अनुदान	१८६२६६२९		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
घ) समपुरक अनुदान	९९९९०१९		**ऋण फिर्ता(साँवा)**		
ड) विशेष अनुदान	०		**ऋणको ब्याज भुक्तानी**		
च) रोयल्टी			**धरौटी फिर्ता तथा सदर स्याहा**		
छ) अन्य			**कार्यसञ्चालन कोषबाट भएको खर्च**		
४. अन्तर सरकारी अख्तियारी (संघ)			**अन्य कोषबाट भएको खर्च**	४९९०००	
क) सामाजिक सुरक्षा	६८६०६५५२.९३		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६९५३००		**अन्य सहयोगमा सञ्चालित योजना**		
....			**अन्य खर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**अनुदान फिर्ता**		
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	१७०६६०१.८९		क) सशर्त अनुदान	२८९३४६१७.९८	
८. कार्यसञ्चालन कोष आय	२४८३५५७.		ख) विशेष अनुदान	0	

९. अन्य कोषको आय	४३६४९९.८३		ग) समपुरक अनुदान		
१०.गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११.अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	१८५२३५२	
१२.अन्य आय भएमा			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		
			१.संचित कोषको मौज्दात	६६३७०६७८.८	
			२.धरौटी	१५२७०५१२.४४	
			३.कार्यसञ्चालनकोष	५४९१६५२.५	
			४.अन्यकोष	१४८५९९८.८३	
जम्मा	**५८७१८१०१०**		**जम्मा**	**५८७१८१०१०**	

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता –**

यस याङवरक गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेपफानं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६८६०६५५२.९३ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २६९५३०० सुत्रमा लेखाङ्कन गरेको छैन ।तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक जिम्मेवारी -**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५००७६०२०३ मौज्दात रहेको भनी उल्लेख भएपनि रू. ८६६७१७०४.१५ रहेको पालिकाको म.ले.प.फा.नं.२७० बाट देखिएकोमा यस बर्ष रु.८६०२०८६२.३५ जिम्मेवारी सारी रु. ६५०८४२.८० कम गरी फरक जिम्बेबारी सारेको देखिएकोले पालिकाले बर्षान्तको मौज्जातमा फरक पर्नुको कारण यकिन गरी हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,५०,८४२.८

५ **बैङ्क हिसाव विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले तयार गरेको बैंक हिसाव विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

सि.न	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२असार मसान्तको बाँकी
१	आन्तरिक राजस्व खाता	०	०
२	बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
३	आन्तरिक अनुदान खाता	०	०
४	स्थानीय तह विभाज्य कोष खाता	०	०
५	स्थानीय तह सञ्चित कोष खाता	६,६३,७०,६७८.८०	६,६३,७०,६७८.८०
६	स्थानीय तह धरौटी खाता	१,५२,७०,५१२.४४	१,५२,७०,५१२.४४
७	चालू खर्च खाता- विजोर वर्ष	०	०
८	चालू खर्च खाता- जोर वर्ष	०	०
९	पूँजिगत खर्च खाता- विजोर वर्ष	०	०
१०	पुँजीगत खर्च खाता- जोर वर्ष	०	०
११	विविध खर्च खाता	४,३६,४९९.८३	४,३६,४९९.८३
१२	स्थानीय तह विविध कोष खाता	३९,२२,३८३.५०	३९,२२,३८३.५०
१३	स्थानीय तह आकस्मिक कोष खाता	५,९१,२७५.००	५,९१,२७५.००
१४	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	४,५८,२२४.००	४,५८,२२४.००
		८,७०,४९,५७३.५७	८,७०,४९,५७३.५७

६ **कोषको अवस्था-**

पालिकाले देहाय बमोजिमका विभिन्न कोषहरु स्थापना पालिकाबाट बजेट बिनीयोजन गरी रकम थप गर्ने गरेको देखिन्छ । यसरी पालिकाले वार्षिक सो कोषबाट हुने खर्च तथा आवश्यकतालाई समेत ध्यान नदिई यस्ता कोषमा रकम दाखिला गरी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

संकेत	कोष हिसाबको नाम	शुरु मौज्दात	प्राप्ति	भुक्तानी	बाँकी
ग ३.१	स्थानीय तह धरौटी खाता	१,३५,६३,९१०.५५	४२,८८,८२३.७३	२५,८२,२२१.८४	१,५२,७०,५१२.४४
ग २.७	विविध खर्च खाता	०	४,३६,४९९.८३	०	४,३६,४९९.८३
ग ५.१	स्थानीय तह विविध कोष खाता · कर्मचारी कल्याण कोष · कार्यसञ्चालन कोष विविध · महिला तथा बालबालिका कोष · मर्मत सम्भार कोष	३०,०८,०९५.५०	३०,१०,५८३.००	२०,९६,२९५.००	३९,२२,३८३.५०
ग ७.१	स्थानीय तह आकस्मिक कोष खाता	१०,४०,२७५.००	३,०६,०००.००	७,५५,०००.००	५,९१,२७५.००
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५,०८,२२४.००	०	५०,०००.००	४,५८,२२४.००
जम्मा		१,८१,२०,५०५.०५	८०,४१,९०६.५६	५४,८३,५१६.८४	२,०६,७८,८९४.७७

७ **योजनाको प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को दफा ५२४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि भौतिक पूर्वाधारमा १२५ योजनामा रू.३७३०५००० वजेट विनियोजन गरेको छ। योजनाको प्राथामिकीकरणमा १० लाख भन्दा बढीका जम्मा ९ वटा योजनामात्र संचालनमा रहेको देखिन्छ ।

(हजार)

रु. १ लाख सम्म		रु. १ लाख देखि २ लाख सम्म		रु. २ लाख देखि ५ लाख सम्म		रु. ५ लाख देखि १० लाख सम्मका		रु. १० लाख भन्दा बढीको		जम्मा
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
५६	४९,२०	२६	४५,२५	२८	१,०४,६०	६	५३,००	९	१,२१,००	३,७३,०५

माथिको तालिका अनुसार रु. १ लाख सम्मका योजना ५६ वटा, १ देखी २ लाख सम्मका योजना २६ वटा, २ देखी ५ लाख सम्मका योजना २८ वटा, ५ लाख देखी १० लाख सम्मका योजना ६ वटा र १० लाख भन्दा माथीका योजना संख्या जम्मा ९ वटा रहेको देखिन्छ । यसरी हेर्दा पालिकाले टुक्रे र साना योजनामा खर्च गरेको देखिदा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी सृजना गर्ने र जनसहभागिता प्रर्वधन गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनीयोजन तथा कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	**क्षेत्र/उप क्षेत्र**	**विनियोजन**	**खर्च**	**खर्च (%)**	**मौज्दात**
१	आर्थिक विकास	७,८६,९०,०००.००	६,१९,६९,१४६.००	१४.५६	१,६७,२०,८५४.००
२	सामाजिक विकास	२६,९१,२०,५२५.००	२३,७७,३६,२०४.३८	५५.८४	३,१३,८४,३२०.६२
३	पूर्वाधार विकास	६,६३,३२,३५७.३०	३,५९,९२,५६५.००	८.४५	३,०३,३९,७९२.३०
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३,३१,४४,०००.००	२,५१,१९,१८२.००	५.९०	८०,२४,८१८.००
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	९,४९,१५,०००.००	६,४९,३१,५२६.८४	१५.२५	२,९९,८३,४७३.१६
कुल जम्मा		५४,२२,०१,८८२.३०	४२,५७,४८,६२४.२२	१००	११,६४,५३,२५८.०८

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ५५.८४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम ५.९० प्रतिशत रहेको छ ।

९ **पूँजीगत खर्चको विस्तृत विवरण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार आ.ब. २०८१/८२ को त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

क्र सं	कार्यक्रमको नाम	खरिद सम्झौता										यस वर्षसम्पन्न	
		जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिनाको मात्र			
		सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम हजारमा
१	टोल विकास संस्था	११८	२,९२,०५	१	८०	४०	८३,३०	७७	२,०७,९५	२	१७,००	११८	२,९२,०
२	खल्ला दरभाउ र कोटेशन	७	६०,८६			२	१९,५०	५	४१,३६			७	६१,९५
३	ठेक्का	६	४,५८,६९	१	७३,७५	३	३,५२,३१	२	३२,६२			३	१,०३,६

१० **ससर्त अनुदान फिर्ता-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) देहाय बमोजिम रहेको देखिन्छ ।

क्र.सं.	**स्रोत**	**प्राप्त रकम**	**आम्दानी**	**अनुदान फिर्ता**	**बाकी**
	संघिय तर्फ				
२	शसर्त अनुदान चालु	१९,६१,०३,९७३.००	१७,३२,२५,६२९.००	२,२८,७८,३४४.००	०.००
३	शसर्त अनुदान पुँजीगत	४,५८,००,०००.००	४,०१,०६,२६१.००	६०७१९९३.००	०.००
४	विषेश अनुदान पुँजीगत	१,१५,००,०००.००	११५०००००.००	०.००	०.००
५	समपुरक अनुदान पुँजीगत	०.००	०.००	०.००	०.००
	कोशी प्रदेश तर्फ				
७	शसर्त अनुदान चालु	३६,७५,०००.००	२७,७६,०१२.००	१४२४४६.००	०.००
८	शसर्त अनुदान पुँजीगत	४७,८६,०००.००	३७,९०,७०९.००	१७०८९२५.००	०.००
९	समपुरक अनुदान पुँजीगत	१००००००.००	१००००००.००	९८१.००	०.००
जम्मा					

११ **आन्तरिक नियन्त्रण प्रणाली :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली जारी गरेको छ । सो मा उल्लेख भएका व्यहोराहरुको प्रभावकारी कार्यान्वियन नदेखिदा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् :

<u>वजेट व्यवस्थापनतर्फ :-</u>

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

<u>खरिद व्यवस्थापनतर्फ</u>

- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरेको छैन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

<u>भ्रमण खर्च व्यवस्थापनतर्फ</u>

- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

<u>शिक्षातर्फ</u>

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।
- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वियन भएको छैन ।

- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

<u>विविध तर्फ</u>

- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।
- खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छै न।
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।
- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ ।

<u>सामाजिक सुरक्षातर्फ –</u>

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।
- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोरामा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छ यसको पूर्ण कार्यान्वयन कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा शाखा गठन गरेको छैन । तर आन्तरीक लेखापरीक्षण फिदिम नगरपालिकाको आन्तरिक लेखापरीक्षण अधिकारी श्री चन्द्र कुमार थापाबाट गराएको छ । लेखापरिक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तीय समानिकरण, ससर्त, राजश्व बाँडफाँड लगायत सबै कारोवारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुनसक्ने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन त्रैमासिक आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ ।

१३ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुण महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि प्रमुख प्रशासकिय अधिकृतले विषयगत शाखा र वडा समितिलाई क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **मध्यकालिन संरचना र रकमान्तर** -

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०८१ को दफा ५ (२) अनुसार विनीयोजन रकमको २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा थपघट समेत कार्यपालिकाको निर्णयबाट यस आ.ब.मा रु. ६ करोड २४ लाख ७४ हजार ३ सय ५७ (११.५२ प्रतिशत) रकमान्तर गरेको छ। रकमान्तर गर्दै खर्च गर्ने परिपाटीले कुशल बजेटलाई प्रतिनिधित्व गर्दैन तसर्थ रकमान्तर गरी खर्च गर्ने कार्यलाई नियन्त्रण गरी पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

१५ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री बाबा मेन्याङ्गवोले मिति २०८१।०३।१० गते रु.५० करोड ८२ लाख ८० हजार ८५९ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्ष भिम बहादुर योङ्गाले मिति २०८१।०३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

१७ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र बर्गिकरण-**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।

• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।

भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । गाँउपालिकामा भु-उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

१८ **इन्धन खर्चको मापदण्ड** –

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी पालिकाले इन्धन कार्यालय प्रयोजनको शीर्षकबाट रु. २७ लाख २८ हजार खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख

राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।पालिकाको स्वामित्वमा रहेको सावरी साधनको संख्या देहाय बमोजिम रहेको देखिन्छ ।

क्र.सं.	सवारी साधन	गत आ.व. सम्मको खरिद संख्या	चालु आ.व.को खरिद संख्या	मूल्य	प्रयोग गर्ने पदाधिकारी संस्था	कैफियत
१	जीप	१	१	७३७५०००	गाउँ कार्यपालिकाको कार्यालय	
२	एम्वुलेन्स	०	१	२२९८०००	-	
४	Backhoe Loader	०	१	५४,००,०००।-	गाउँ कार्यपालिकाको कार्यालय	क्याटलक खरिद बिधिबाट खरिद गरिएको
५	मोटरसाइकल	२८	४	१४७९५९५।-		क्याटलक खरिद बिधिबाट खरिद गरिएको

१९ **विविध खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.९१ लाख ९३ हजार ५ सयको तुलनामा करिव १९.२७ प्रतिशत अर्थात रू. १८००,००० विनीयोजन गरेको मध्ये रु. १७७२००० खाना,खाजा, पानी, चिया, विभिन्न कार्यक्रम तथा आश्यक सामाग्री खरिद लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ ।

२० **आर्थिक सहायता –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले यस वर्ष आर्थिक सहयोग तथा सहायता तथा राहत वितरण खर्च शिर्षकबाट कार्यपालिकाको निर्णय र अध्यक्षको तोकादेशबाट भनी विभिन्न व्यक्ति र संस्थाहरुलाई रु.५ लाख ४६ हजार (आन्तरिक आयको ०.७१ प्रतिशत) आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

कूल आन्तरिक आय	प्रशासनिक खर्च	आर्थिक सहायता	भैपरि आउने	पूँजिगत खर्च	आर्थिक सहायता प्राप्त गर्नेको	
					संख्या	रकम
७,७०,९३,९२२.३७	६,०४,३१,०७९.८४	५,४६०००		३,०३,८०,६६८	३३	५,४६०००

२१ **सेवा प्रवाह-**

पालिकाको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो ।पालिकाले यस बर्ष प्रवाह गरेको सेवाको अवस्था देहायबमोजिम छ ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	नभएको	नभएको
जन्मदर्ता	४७०	४६१
मृत्युदर्ता	१७५	१७५
बसाईसराई आएको	१९	१९
बसाईसराई गएको	१३७	१३७
विवाह दर्ता	१९७	१९७
सम्बन्धविच्छेद दर्ता	४१	४१

प्राप्त विवरण अनुसार पालिकामा घर नक्सा स्वीकृत नभै घर निर्माण गर्ने गरेको देखियो । बसाईसरी आउने भन्दा सरी जानेको संख्या बढी देखियो । बसारी सरी जाने प्रवृतीको कारण पहिचान गरी पालिकाबाट हुने सेवा प्रवाहलाई सरल, सहज, मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ।

२२ **कर्मचारी व्यवस्थापन -**

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचना अनुसारको ६७ जना दरबन्दी रहेकोमा छ। पालिकाले आ.ब.२०७८/०७९ मा व्यवस्थापन सर्वेक्षण गरी ३५ विभिन्न पदमा दरबन्दी थप गरी १०२ जना कर्मचारीको दरबन्दी गाँउ सभाबाट मिति २०७८।९।२७ मा स्वीकृत गरेको देखियो । यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन।

पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ भने पदपूर्ती मध्ये ६१ जना कर्मचारीहरू करारमा पदपूर्ती गरेको छ भने १० जनाको दरवन्दी रिक्त रहेको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

साथै, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो वर्ष करार सेवा शुल्कमा रु. २ करोड ४७ लाख १३ हजार ३ सय ५२ खर्च गरेको देखिएको छ । करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । पालिकाले स्वीकृत दरवन्दीमा लोकसेवा आयोग मार्फत पदपूर्तीका लागि माग पठाए नपठाएको सम्बन्धमा जानकारी माग गरिएकोमा माग गरिएको र पदपूर्ती हुने क्रममा रहेको जनाएको छ । करार कर्मचारीको अवस्था देहाय बमोजिम रहेको छ।

क्र.सं.	पद तह	संख्या	स्केल	यस बर्ष तलबभत्तामा भएको खर्च रकम
१	सूचना प्रविधि अधिकृत	१	४३६८९	५९१९५७
२	रोजगार संयोजक	१	४३६८९	५९१९५७
३	रोजगार सहायक	१	३४७३०	४७५४९०
४	प्राविधिक सहायकरोजगार सेवा केन्द्र	१	३४७३०	४७५४९०
५	हे.अ.	५	३४७३०	२२८१४५०
६	स्टाफ नर्स	१	३४७३०	४७५४९०
७	अप्थाल्मिक अशिष्टेण्ट	१	३४७३०	४७५४९०
८	सव- इन्जिनियर	१	३४७३०	४७५४९०
९	अ.हे.व.	६	३२९०२	२५९०३५६
१०	अ.न.मी.	६	३२९०२	२५९०३५६
११	सहायक कम्प्युटरअपरेटर	१	३२९०२	४५१७२६
१२	अ.स.ई.	१	३२९०२	४५१७२६
१३	ल्याब अशिष्टेण्ट	२	३२९०२	८७९४५२
१४	ना.प.स्वा.प्रा.	६	३२९०२	२५९०३५६
१५	अपाङ्गता सहायतासहजकर्ता	१	३२९०२	४५१७२६
१६	पोषण स्वयमसेवक	१	३२९०२	४५१७२६
१७	उद्यम विकास सहजकर्ता	१	३२९०२	४५१७२६
१८	ब्याक हो लोडर अपरेटर	१	३००००	४१४०००
१९	हल्का सवारी चालक	३	२७६१२	११००८६८
२०	का.स.	२०	२४७०२	६४४६५२०
जम्मा		६१		२४७१३३५२

२३ **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले २७ ऐन, ५ नियमावली, ४४ कार्यविधी, २ निर्देशिका, र ५ नर्म्स गरी कुल ८३ वटा कानुन पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ ।

विवरण	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	नर्म्स	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नर्म्सको संख्या	२७	५	४४	२	५	८३

२४ **न्यायीक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष कुल १२ विवाद दर्ता भएकोमा १० वटा विवादको समाधान भएको र २ वटा विवादको समाधान गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सि.नं.	उजुरीको प्रकार	गतवर्षको बाँकी	यसवर्ष थप	जम्मा	यो वर्ष फछ्यौंट	फछ्यौंट हुनबाँकी	समयमै फछ्यौंट नहुनुको कारण
१	लेनदेन	०	१२	१२	१०	२	आ.व को अन्तिम समयमा दर्ता हुन आएको

२५ **सरकारी सम्पत्ती अभिलेख-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७(४) मा पालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन । पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ ।

२६ **जिन्सी व्यवस्थापन-**

जिन्सी व्यवस्थापन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा कतिपय मालसामान प्रयोगमा नरहेकोले भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान मर्मत वा लिलाम प्रक्रिया अगाडि बढाएको देखिएन । ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्नेतर्फ गाँउपालिकाले ध्यान दिनु पर्दछ।

२७ **PAMS प्रणाली अध्यावधिक-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।पालिकाबाट तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा सहायक जिन्सी खातामा रहको विवरणमा स्वास्थ्य चौकीहरुमा भएको समाग्रीहरु PAMS प्रणालीमा ईन्ट्रि हुँन बाँकी रहेको भनि उल्लेख गरेको हुँदा सवै सामाग्रीहरु PAMS प्रणालीमा ईन्ट्रि गरी पूर्ण रुपमा PAMS प्रणाली लागु गर्नु पर्दछ ।

२८ **जिन्सी मौज्दात-**

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागू गरेको छ । आर्थिक वर्ष २०८०।८१ को PAMS प्रतिवेदन अनुसार कार्यालयमा खर्च भएर जाने सामानको मौज्दात रु.४७ लाख ४० हजार ९३२।- बाँकी रहेकोमा यस आ.ब.२०८१/८२ सम्म मौज्जाद सारेको नदेखिदा मौज्दात सामान यकिन गरी आर्थिक वर्ष २०८२।८३ को (PAMS-V2) प्रणालीमा मौज्दात अ.ल्या. गर्नु पर्दछ ।

२९ **ठेक्का व्यवस्था-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत विभिन्न निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४.७२ देखि ४०.९८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्स आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ

Contract Number	Project Name	Name of Contractor / phone number	Contract Amount With VAT and PS	Estimate	Below %
YRM/NCB/WORKS/No-08-077/78	Construction of 15 Bed Hospital	Namuna- Bir J.V., Biratnagar	१४७५२२६४४	२४९९३७८२१	४१
YRM/NCB/WORKS/No-09-077/78	Consruction of Nishan Kalikadham tatha Yangwarak Pokhari samrakshyan Yojana	CM-Joshi-Anshu J.V., Kathmandu	६४४३२०९२	६९४६१६१३	७
YRM/NCB/WORKS/No-14-078/79	Construction of Thee-Storey Academic Block Tharpu, Mavi	Himtara Purwadhar Bikash Company	४४३४००५५	५३८९१६९१	१८
YRM/NCB/WORKS/No-02-2080/81	Construction of Oyam Brihat Khanepani Aayojana	Dipesh/Pudasain J.V., Morang	२९८७४७७४	३७००८५३९	१९
YRM/NCB/GOODS/No-01-2081/82	Supply and Deivery of 4WDHardTio Jeev SUV	Agni Incorporated Pvt. Ltd., Kathmandu	७३७५०००	१००००००००	२६
YRM/NCB/WORKS/No-01-2081/82	Construction of Health Post Chyangthapu and Oyam with Birthing Center	Tara-La.Bi.-Kiran J.V., Bhojpur	३०६९०५०१	३२२०९९७८	५
YRM/NCB/WORKS/No-02-2081/82	Construction of fencing works on Nishan Kalikadham and Yangwarak Pokhari	Utsav Nirman Sewa Pvt. Ltd., Phidim	२८७५९८१	४२१७३६२	३२
YRM/NCB/GOODS/No-02-2081/82	Supply of Medicinal Goods	Bhimdevi Medicinal Suppliers Pvt., Kathmandu	१४९३५२०	२१५७३७५	३१
YRM/NCB/GOODS/No-03-2081/82	Supply of Gabion, CGI Sheets and Pipes	Green Leaf Pvt. Ltd., Katmandu	१४९९९९०	२१४७६०१	३०
YRM/SQ/WORKS/No-01-2081/82	Construction of Yangwarak Gate	Tumbapo Nirman Sewa Pvt. Ltd., Phidim	१७६२४४५	१९९८२४१	१२

३० **अवकाश कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थपगरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आ.ब.मा रु.२५ लाख रकम अवकाश कोषमा एकमुष्ट दाखिला गरेको छ । यस आ.ब.मा उक्त कोषबाट रू.६६२२२२ खर्च गरी रु.१९ लाख २९ हजार मौज्जात रहेको छ । ऐनमा भएको व्यवस्था बमोजिम कोषको व्यवस्थापन गर्नुपर्दछ ।

३१ **चालु/प्रशासनिक खर्च नियन्त्रण -**

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ ।



क्र स	खर्च शिर्षक	२०८१।८२		२०८०।८१		२०७९।८०	
		विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च
१	विविध खर्च	१८०००००	१७१३५००	१८०००००	११९७०००	१२०००००	११०५९०७
२	ईन्धन खर्च	२८०००००	२७२८०००	३००००००	१८२००००	२२०००००	१८२६०००
३	सवारी साधन मर्मत खर्च	२१०००००	२०९५०००	१६०००००	१५७२८००	१८०००००	१७५००००
४	बैठक भत्ता	१५०००००	१२१६०००	१४०००००	९८१०००	१२९९०००	१०६७८००
५	पत्रपत्रिका छपाई सूचना प्रकाशन खर्च	१६०००००	१५९९५५५	१७५००००	१७५००००	१८०००००	१७९९५००
६	भ्रमण खर्च	१८०००००	१७९८६००	१८०००००	१७९३१२४	२००००००	१८६१३८५
७	मसलन्द तथा कार्यालय सामाग्री खर्च	३४०००००	३३७४०००	३४०००००	३१३४०००	९०००००	६९३७००
	जम्मा	१५००००००	१४५२४६५५	१४७५००००	१२२४७९२४	११११९९०००	१०१०४२९२

पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्त बमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यस प्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

३२ **कन्टेन्जेन्सी खर्च-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) मा लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत कट्टा गर्ने गरेको देखिएतापनि सो को आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार छैन । सो अनुसारको अभिलेख नराखी ज्याला, दैनिक भ्रमण भत्ता,मसलन्द र निर्माण कार्यमा देहायबमोजिम रू.२०५००० खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन ।

क्र.सं.	कन्टिनजेन्सीको विवरण	खर्च रकम
१	ज्याला	१२००००
२	दैनिक भ्रमण भत्ता	३४०००
३	मसलन्द	१७३०००
४	निर्माण खर्च	९८०००
जम्मा		**३०५०००**

३३ **पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै, खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दाको बैंक जमानत, सम्झौतामा तोकिएको शर्त, तरिका र अवधीमा पेश्की फछ्र्यौट अवस्था, ढिलो फछ्र्यौटमा नियम ५१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म निम्न कार्यक्रम/

योजनामा विभिन्न निर्माण व्यवसायी/निकाय/व्यक्ति तथा संस्थालाई रु.४९९४८०६ पेश्की दिएकोमा म्याद नाघेको पेश्की रु १२५००० रहेको छ । म्याद ननाघेको पेश्की तोकिएको अवधिभित्र फर्छौट गरी म्याद नाघेको पेश्की फछर्यौट भएको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने व्यक्तीफर्म वा कम्पनीको नाम	चालु आ. व.		जम्मा बाँकी पेश्की		
					म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	जम्मा
					रकम		रकम		
१	२	३	४	५	९	११			
१	२०८१/०९/०९	६	स्वास्थ्य चौकीओयाम र स्वास्थ्य चौकी च्याङथापु भवन निर्माण (वर्थिङ सेन्टर सहित) को योजना २वटा भवन निर्माण	तारा । ल.बि. किरण जे.भी	०.००	२६६५०००.	०.००	२६६५०००.	२६६५०००.
२	२०८१/११/२७	४९	स्वास्थ्यचौकीभवन निर्माण च्याङ्थापु र ओयाम	तारा । ल.बि. किरणजे.भी	०.००	२३२९८०६.	०.००	२३२९८०६.	२३२९८०६.
कुल जम्मा					०	४९९४८०६.	०	४९९४८०६.	४९९४८०६

(..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **धरौटी सदरस्याहा-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ६७ र ६८ को व्यवस्था अनुसार फिर्ता लिन नआएको, नाम नामेसि नखुलेको धरौटीलाई प्रयोजन समाप्त भएको वा शर्त बमोजिमको अवधि समाप्त भएपश्चात राजश्व आम्दानी बाध्नुपर्ने व्यवस्था छ ।कार्यालयमा अध्यावधिक धरौटी तयार नगरेको कारण कहिले देखीको धरौटी फिर्ता गर्न बाँकी रहेको हो लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन । सुत्र प्रणाली अनुसार रु.१५२७०५१२.४४ धरौटी बाँकी रहेकोमा देहायबमोजिम रु. ७५४१८० को धरौटी राखेको प्रयोजन समाप्त भएको र १ आर्थिक वर्ष समेत व्यतित भईसकेको देखिएको हुँदा पालिकाले यकिन गरी आवश्यक प्रक्रिया पुरा गरी धरौटी सदरस्याहा गर्नुपर्ने रु.

क्र.सं.	धरौटी जम्मा गर्ने	बाँकी
१	मन कुमारी सुहाङ	३०,०००
२	पुष्पा थापा	५०,०००
३	चौबन्दी कन्ट्रक्सन	१३३,७४५
४	महादेव खिम्ती/अंजना/ हिमतारा जे.भी.	३३,३१७
५	क्रान्ती इलेक्ट्रो सप्लायर्स	२५,०००
६	युनिफाइड कम्युनिकेशन	२०,०००
७	लुम्बिनी सामाजिक विकास केन्द्र काठमाडौं	४९,१७५
८	सन्टर फर रिसिस कन्सल्टेशन नेपाल प्रा.ली.	६०,७००
९	एस एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली.	४,२८०
१०	कान्ति कृति कन्सट्रक्सन प्रा.ली.	४१,१३३
११	गोल्डेन ट्रेड एण्ड सप्लायर्स	८२,७७०
१२	समृद्धी एण्ड ब्रदर्श अटो प्रा.ली.	७४,९७५
१३	सालघारी इन्टरप्राइजेज प्रा.ली.	६७,४७५
१४	साँवा कन्स्ट्रक्सन	८१,६१०
जम्मा		७५४१८०

प्रमाण पेश नगरेको	७,५४,१८०

३५ **खोला ठेक्का** -

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२०,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ **आन्तरिक आय-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । यो आर्थिक वर्षमा पालिकाले सम्पति कर, भुमि/मालपोतकर, सिफारिस दस्तुर, व्यवसाय कर, वहाल कर, हाटबजार कर लगाएतका शिर्षकबाट रु.६४००००० आम्दानीप्रक्षेपण गरेकोमा रु. ९२५६२६५।०७ आम्दानी गरेको देखिन्छ जुन प्रस्तावित आयको १४४.६२ प्रतिशत हो। राजस्व आम्दानी, अभिलेख र प्रतिवेदनसँग सम्बन्धित थप व्यहोरा देहायबमोजिम रहेका छन् :

३६.१ **वडागत राजश्व संकलन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको वडा कार्यालयगत राजश्व संकलन विवरण देहाय बमोजिम छ :



तालिका अनुसार वडा नं. ६ ले सबै भन्दा बढी र वडा नं. ५ ले सबैभन्दा घटी राजश्व संकलन गरेका छन् । राजश्व आम्दानीलाई अनुमानयोग्य बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३६.२ **तुलनात्मक परिक्षण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ । पालिकाले आ.ब.२०८१/८२ को लागि अनुमान गरेको र असुली गरेको आयगत शिर्षक देहाय बमोजिम रहेको देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ३६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३६.३ **नविकरण शुल्क-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२२२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६.४ **राजस्व लेखा अधावधिक-** आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउंदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हस्बली राजस्व आम्दानी दाखिला गरि गोश्वारा भौचर तयार गरि दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अधवाधिक गर्नु पर्ने छ भनी व्यवस्था रहेको छ ।पालिकाबाट आन्तरिक आय संकलनका लागि विभिन्न आय

शीर्षकहरुमा वार्षिक राजस्व संकलन गरिएको छ तर ठेक्काको अद्यावाधिक विवरण तयार गरि राखिएको छैन ।यसरी अद्यावधिक विवरण नहुँदा श्रेस्ता परिक्षणको क्रममा कुनै राजस्व ठेक्का सम्बन्धी कागजात परीक्षण गर्न छुट तथा अन्य निकाय पठाएको हुन सक्ने भएकोले अनिवार्य रुपमा आन्तरिक राजस्व ठेक्काको शीर्षकगत विवरण तयार गरी अधवाधिक लगत राख्नुपर्ने देखिन्छ ।

३६.५ **बन पैदावार विक्रि आय** -वन नियमावली २०७९ को नियम २५ (१) अनुसार डिभिजन वन कार्यालय अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका यस पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको १० प्रतिशत सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक बन उपभोक्ता समितिले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको बनपैदावर बिक्रीलाई आधार मानी रकम संकलन गर्नुपर्ने देखिन्छ । पालिकाभित्र सामुदायिक वन उपभोक्ता समिति रहेकोमा सो लाई पालिकाले नियमन गर्न सकेको देखिदैन । सो समिति पालिका साथै वन पैदावार विक्री आयको रकम कति प्राप्त हुनुपर्नेमा कति प्राप्त भयो र कति बाँकी छ एकिन गरी भन्न सकिएन । पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको आधारमा पालिकाको आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३७ **गाडी भाडा दर-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दर रेट समितिले आर्थिक बर्ष २०८१।८२ को लागि पाँचथर जिल्ला भरी महिन्द्रा, सुमो, बोलेरो वा सो सरहको भाडा (इन्धन बाहेक) प्रतिदिन रु. ७००० कायम गरेको छ। पालिकाले यस किसिमका गाडी भाडा लिँदा इन्धन सहित प्रति दिन रु. १०,००० देखि रु. १३,२०० सम्म एकमुष्ट राखी सम्झौता गरेको छ। जिल्ला दररेटमा भएको रकममा दुरी यकिन गरी आउने इन्धन खर्च जोडी सो रकममा सम्झौता गर्नुपर्नेमा एकमुष्ट सम्झौता गर्नु मितव्ययिपूर्ण देखिदैन। पालिकाले जिल्ला दर रेट बमोजिम गाडी भाडामा लिनुपर्दछ।

३८ **घर बहाल-**

आर्थिक बर्ष २०८१।८२ को बजेट कार्यान्वियन सम्बन्धी मार्गदर्शन को बुदाँ नं. ६५ मा सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिनु पर्ने, त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्ने तथा सरकारी प्रयोजन भनी कर्मचारीको आवासका लागि घर वहाल लिएको पाईएमा सो रकम सम्बन्धित कर्मचारीले नै भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक बर्षमा घर बहाल बापत रु. ७,५३,००० खर्च गरेको छ। पालिकाले आवश्यकताका आधारमा घर बहाल लिई उद्देश्य अनुरुप प्रयोग भएको सम्बन्धमा सुनिश्चित हुनु पर्दछ।

३९ **सवारीसाधन मर्मत खर्च-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५ (५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मतमा र मेशिनरी औजार मर्मतमा यस वर्ष रु. २०९६३९७ र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र मर्मत आवेदन म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ अद्यावधिक गरेको छैन। सबै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत संरक्षण अभिलेख खाता राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मत कार्य सार्बजनिक खरिद ऐन नियम बमोजिम नगरी सिधै खरिद गरेको देखियो। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिनुका साथै खरिद विधिको पालना गरेको पाईएन। खरिद विधिको पालना गर्दै यस प्रकारका खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

मेशिनरी	संख्या	मर्मत तथा ईन्धन रकम
लोडर	१	८६४०००
एम्बुलेन्स	१	१३५५००
अन्य		०
जम्मा		९९९५००

४० **वडा समिति बैठक-**

कोशी प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा बैठक भत्ता लगायत पदाधिकारीहरुको सुविधा सम्बन्धी व्यवस्था छ। पालिकाले वडा समितिको बैठक भत्ता मासिक अधिकतम २ वटा दिई बार्षिक अधिकतम २४ वटा मात्र बैठक भत्ता दिने व्यवस्था गरेको छ। पालिकामा ६ वटा वडाहरु रहेकोमा ५ वटा वडाहरुमा २४ वटाको मात्र बैठक भत्ता दिएकोमा वडा नं ३ लाई ३२ वटा बैठक भत्ता दिएकोले थप ८ वटा बैठक भत्ता बापत कर कट्टी पश्चात रु. ४०८०० बढी भुक्तानी दिएको देखिन्छ।तोकिएको सिमाभन्दा बढी भुक्तानी दिएको उक्त बैठकभत्ता असुल गर्नुपर्ने रु.

क्रसं	नाम	पद	कर कट्टी पश्चात भुक्तानी
१	विमल राई	अध्यक्ष	६८००
२	रन बहादुर गुरुङ	सदस्य	६८००
३	शेर बहादुर मावो	सदस्य	६८००
४	पूर्ण कुमारी वराईली	सदस्य	६८००
५	इन्दिरा वराइली	सदस्य	६८००
६	सुर्य बहादुर सेलिङ	सदस्य	६८००
जम्मा			४०८००

४१ **किवी खेति प्रवर्धन कार्यक्रम-** (८४२-2082-03-22):

पालिकाले किवी खेती प्रवर्धन कार्यक्रम सञ्चालनको लागि कोशी प्रदेश सरकारको कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि, २०७६ प्रयोग गरेको छ। कार्यविधिले किवी खेती अनुदानको लागि दर्तावाला फर्म हुनुपर्ने व्यवस्था गरेको छ। पालिकाले कार्यविधी विपरीत मान बहादुर नुगोलाई रु.६५००९ उक्त अनुदान रकम भुक्तानी गरेको छ। कार्यविधिले दर्तावाला फर्मलाई अनिवार्य गरेको अवस्थामा व्यक्तिलाई अनुदान वितरण गर्नु निमयसम्मत देखिदैन। कार्यविधी विपरीत वितरण गरेको उक्त अनुदान नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	६५,००९

४२ **कुखुरापालन प्रवर्धन कार्यक्रम-** (७५२-2082-03-16):

पालिकाको पशुसेवा सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ ले कुखुरापालन प्रवर्धन कार्यक्रम सञ्चालनमा ४० प्रतिशत अनुदान दिने व्यवस्था गरेको छ। पालिकाले कुखुरापालन प्रवर्धन कार्यक्रम अन्तर्गत सुवास योङहाङलाई ४० प्रतिशत अनुदान बापत रु. १५,६५९ भुक्तानी गर्नुपर्नेमा रु. २९,३६३ भुक्तानी गरेको पाईयो। तोकिएको अंशभन्दा बढी भुक्तानी गरेको उक्त अनुदान असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१३,७०२

४३ **कार्यक्रम खर्चमा कर कट्टी-** (८१९-2082-03-20):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१४,९८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ **तालिम तथा कार्यक्रमको उपलब्धी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले स्वरोजगारी सृजना, क्षमता विकास, उद्यमशिलता प्रर्वधन गर्ने जस्ता उद्धेश्यले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ।यद्यपी पालिकाले कार्यक्रमहरु सञ्चालन पश्चात लक्षित व्यक्ति तथा समुहको कार्यसम्पादन तथा जीवनशैलीमा भएको परिवर्तन तथा स्वरोजगारी सृजना भएको अवस्था बारे अध्ययन गरेको छैन। पालिकाबाट बर्षेनी यस्ता कार्यक्रमहरु सञ्चालन हुने तर प्रतिफलको सम्बन्धमा पालिका अनविज्ञ रहने अवस्थामा खर्चको प्रभावकारीता देखिदैन। पालिकाले यस आर्थिक बर्षमा सञ्चालन गरेका कार्यक्रमहरुको अध्ययन गरी लक्षित बर्गमा परेको प्रभाव, आगामी बर्षहरुमा सञ्चालन गरिने कार्यक्रहरुको पहिचान तथा सुधारका विषयहरुमा जानकार हुनुपर्दछ। पालिकाले सञ्चालन गरेका केही तालिम/कार्यक्रमका उदाहरणहरु:

क्रसं	कार्यक्रम	खर्च
१	केलाङ नाच तालिम कार्यक्रम	४९,४०००
२	सीपमुलक कम्प्युटर तालिम	९९,५००
३	बाल सञ्जाल पदाधिकारीलाई क्षमता विकास तालिम	१,९९,५५०
४	शिक्षक क्षमता विकास तालिम	२,६५,०५०
५	अहिंसात्मक सञ्चार सम्बन्धी तालिम	१,६७,५६५
६	महिला लक्षित सीपमूलक कार्यक्रम	९९,५५६

४५ **वितरण भरपाई-** (७१३-2082-03-06):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१९५,२६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६ **अनुगमन प्रतिवेदन-**

कोशी प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ दफा ३ अन्तर्गतको अनुसूची १(क) मा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा पदाधिकारीहरुलाई अनुगमन खर्च बापत रु. ६,७२,००० भुक्तानी गरेको। पालिकाले अनुगमन प्रतिवेदन नराखी खर्च लेखेकोले अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

४७ **मूल्य अभिवृध्दि कर**

मूल्य अभिवृध्दि कर ऐन, २०५२ अनुसार वीजक अनुसार मूल्य अभिवृध्दि कर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम(६) मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्याकंन, बिल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्दछ । पालिकाले उपभोक्ता

समितिवाट भएको कार्यमा लागत अनुमान वनाउदा र मुल्याकंनमा उपभोक्ताले खरिद गर्नु पर्न समाग्रीमा भ्याट दिएको तर उपभोक्ता समितले भ्याट विल पेश गर्दा कम मुल्यको विल पेश गरेकोले पालिकाले दिएको भ्याट रकम भन्दा कम भ्याट रकम सरकारी राजस्वमा गएको देखियो। प्राविधिक मूल्याकन भन्दा कम भ्याट विल पेश गरेकोमा वढि भुक्तानी भएको भ्याट रकम कट्टि नभई भुक्तानी हुने गरेको देखियो ।यसरी वढि भुक्तानी भएको भ्याट रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु.

उपभोक्ता समितिको नाम	समाग्रि	मुल्याकंन गरी भुक्तानी भएको भ्याट	पेश भएको विजक अनुसारको भ्याट रकम	वढि भुक्तानी
तारेभिर जल उपभोक्ता समिति	सिमेन्ट १३०२ वोरा	१५३३३४	११५२४१	३८०९३
	रड ६६९६ केजि	८६०४९	७०७६८	१५२८०
	पाईप २०० एमएम १११० Rm	२५५६४६	२०३४१६	५२२३०
			जम्मा रु	१०५६०३
वडहरे जल उपभोक्ता समिति	सिमेन्ट	५१८३१	३५०४९	१६७८१
	रड २६४० केजि	३३९७६	२८०५६	५९२१
	पाईप १६० एमएम ७०४ Rm	१०३८३२	७५९७०	२७८६१
			जम्मा रु	५०५६३

असुल गर्नुपर्ने	१,५६,१६६

४८ **खेलकुद कार्यक्रम संचालन-**

खेलकुद कार्यक्रम संचालनस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न मेला समिति, क्लव मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई खेलकुद खर्च दिने कार्य भएको देखिएकोले स्रोत साधनको समुचित उपयोग नभएको देखिन्छ। खेलकुद कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ। पालिकाले खेल क्षेत्रमा लगानी गरेपनी पालिकामा सम्भाबना बोकेको खेलको पहिचान नगर्नु, खेलाडी सूची दर्ता गरी पालिकाका खेलाडी निर्माण नगर्नु, खेल क्षेत्रको संरचना विकासको लागि लगानी हुन नसक्नु लगायतका समस्या देखिन्छन्। पालिकाले खेल क्षेत्र व्यवस्थापनका लागि आवश्यक कार्यविधि बनाई खेल र खेलाडीको बिकासको लागि बजेट खर्च गर्नुपर्दछ। पालिकाको बार्षिक बजेट तथा कार्यक्रम अनुसार पालिका स्तरीय तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. ३१,३९,२८७ भुक्तानी गरेको छ । आन्तरिक श्रोत साधनलाई समेत ध्यान दिई समुचित उपयोग गर्दै खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

गो.भौ.नं. /मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम रु.
५४।२०८१।६।१३	धन कुमार योङहाङ	३४९८५०
८०।२०८१।६।१६	कृष्ण चापागाँई	२५०००
१०३।२०८१।६।१७	नुबाफुङ क्लब	२१०००
१२२।२०८१।७।९	सुर्य बहादुर सेलिङ	६००००
२५१।२०८१।९।७	सुर्य बहादुर सेलिङ	३००००
२६७।२०८१।९।८	निशानमाङ युवा कल्ब	९००००
३१७।२०८१।९।९	क्याम्पस मोड स्पोर्टिङ क्लब	२८००००
७३७।२०८१।१०।२५	सुर्य प्रभात युवा क्लब	१८५०००
४२०।२०८१।११।२१	खेलकुद बिकास कार्यक्रम	५००००
४२८।२०८१।११।१२	धन कुमार योङहाङ (अध्यक्ष कप फुटबल प्रतियोगिता)	६९४४८६
४५८।२०८१।१२।५	धन कुमार योङहाङ	२८०००
४७१।२०८१।१२।८	सुवर्ण लिम्बु	२५०००
४८५।२०८१।१२।१४	सुर्य बहादुर सेलिङ	१०००००
४८६।२०८१।१२।१४	सुर्य बहादुर सेलिङ	६००००
४९४।२०८१।१२।१७	धन कुमार योङहाङ	९६०००
५२७।२०८२।१।१०	हुकुम बहादुर रामजा	६७२००
५२८।२०८२।१।१०	कञ्चनजङ्गा प्रगतिशिल युवा कल्ब	५००००
५३८।२०८२।१।११	धन कुमार योङहाङ	१००००
५७९।२०८२।१।१४	धन कुमार योङहाङ (उपाध्यक्ष कप भलिबल प्रतियोगिता)	५४७७५१
६१३।२०८२।२।७	सुवर्ण लिम्बु	१००००
६५५।२०८२।२।२६	पाचँथर क्लब	५१०००
७१५।२०८२।३।६	तुम्याहाङ युवा क्लब	६००००
७५७।२०८२।३।१६	हुकुम बहादुर रामजा	२२०००
७९०।२०८२।३।१८	गोपि बहादुर नेपाली	१४००००
८२५।२०८२।३।२२	मुकुबुङ युवा क्लब	६२०००
८४१।२०८२।३।२२	ब्याटमिन्टन एसोसियशन पाचँथर	२५०००
जम्मा		३१,३९,२८७

४९ **उद्घघाटन खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन तथा कर्वडहल उद्घघाटन कार्यक्रममा रु. ५,४९,८५० खर्च गरेको छ। पालिकाले निर्मित भवनको उद्घघाटन कार्यक्रमा खर्च गरेको रकम मितव्ययिपूर्ण देखिदैन। पालिकाले खर्चमा मितव्ययिता

कायम गर्नुपर्दछ।

५० **घटिकर कट्टि**

आयकर ऐन, २०५८ दफा ८८ को उपदफा १ मा ढुवानी सेवा वापत २.५ प्रतिशत कर कट्टि गर्नु पर्ने व्यवस्था छ ।पालिकाले तारेभिर जल उपभोक्ता समितिलाई गो.भौ.२।२०८१।६।१८ वाट भुक्तानी भएकोमा पेश भएको ढुवानीको भरपाईमा ढुवानी वापत रु ४१९३०५ भुक्तानी भएको छ । नियमअनुसार रु १०४८३ कट्टि गर्नु पर्नेमा रु ५४८३ मात्र कट्टि गरेकोले घटिकर कट्टि गरेको रु ५००० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,०००

५१ **अक्षयकोषलाई बढी भुक्तानी**- (८२०-2082-03-20):

(..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२ **प्रयोग भएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले भौ.न.२७७।२०८२।१।३१ वाट खरिद भएको HDPE पाईप ५४० रनिङ मिटर विभिन्न व्यक्तिलाई वितरण भएकोमा प्रयोग भएको नापि तथा कार्यसम्पन्न पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,३४,३८०

५३ **उपभोक्ता समिति मार्फत कार्य** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । गाउँपालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले टोल विकास संस्था गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा मिति २०७७ चैत्र ३१ गते टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधी, २०७७ जारी गरेको छ । योजना तथा कार्यक्रम संचालनको क्रममा देहायको अवस्था देखिएको छ ।

- हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति/टोल विकास संस्थामार्फत नगराउनु पर्नेमा सो समेत गराएको छ । संस्था मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।
- योजना कार्यान्वयनको लागि संस्था र पालिकाबीच सम्झौता गरेपनि सम्झौता किताबमा रहेका ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।
- कुनैपनि टोल बिकास संस्थासँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।
- पालिकाले संस्थालाई एकमुष्ट भुक्तानी गरेको छ । सार्वजनिक परीक्षण भनी सम्झौता किताबमा रहेको ढाँचा आंशिकरुपमा भरी राखेको छ । अनुगमन समितिवाट अनुगमन भएको देखिन्छ तर अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।
- टोल विकास संस्थासँग सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता संस्थाको लगत राख्ने काम भएको छैन ।

- टोल विकास संस्थामार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण गर्ने तथा उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।
- टोल विकास संस्थामा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले टोल विकास संस्थालाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५४ **नापी किताब प्रबिष्टी एवं अभिलेख -**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

५५ **स्थलगत निरीक्षण -**

गाँउपालिकाले यसवर्ष अधिकांश निर्माण कार्य टोल विकास संस्थाबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आफै वा जिम्बेबार अधिकारी तोकी अनुगमन गराउनुपर्ने व्यबस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन फाराममा आंशिक विवरण भरी अन्य विवरणहरु खाली राखेर नै संलग्न गरिने गरेको देखियो । अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख भएको देखिएन। उपरोक्त विवरणहरु नदेखिनाले वास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको तथा अनुगमनको वास्तविक उदेश्य अनुरुप भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन । भौतिक पुर्वाधार तर्फका योजनाहरुको अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ ।

५६ **श्रेस्ता प्रमाणिकरणको अवस्था -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ८१ मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था रहेको छ । जस अनुसार कार्यालय प्रमुखवाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउने व्यवस्था रहेको छ। कानूनमा भएको व्यवस्था अनुसार कार्यालय प्रमुखले कार्यालय संचालनको क्रममा सृजना भएका श्रेस्ताहरुको नियमित चेकजाँच गरी लेखा श्रेस्ता समेत चुस्त दुरुस्त राखुपर्नेमा निर्माण कार्य संचालनको श्रेस्ता प्रभावकारी रुपमा राखुपर्ने तथा निर्माण तथा योजनाहरुको आधारभुत कागजातको रुपमा रहेको नापी किताव, लागत अनुमान, रनिङ विल तथा कार्यसम्पन्न प्रतिबेदनहरु कार्यालय प्रमुखवाट

प्रमाणीत गराइ राखुपर्नेमा योजनाहरुको सम्पुर्ण कागजातहरु प्रमुखवाट सदर भएको देखिएन। यसरी सम्पुर्ण खर्च सृजना गर्ने कागजातहरु कार्यालय प्रमुवाट प्रमाणीत नगराइ गरेको भुक्तानी नियमसम्मत देखिंदैन । तसर्थ लेखाश्रेस्ता संग सम्बन्धित सम्पुर्ण कागजातहरु कार्यालय प्रमुखवाट समेत प्रमाणीत गराउनपर्ने देखिन्छ ।

५७ **चारपाग्रे सवारी खरिद :-** (१९-2081-08-23):

कोशी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्वन्धी निर्देशिका २०७९ को दफा ११ को १ (ग) मा अन्य निकायका प्रमुख तथा पदाधिकारीलाई रू.६० लाखसम्मको सवारी साधन उपलब्ध गराउन सक्ने छ भनी उल्लेख गरेको देखिन्छ ।पालिकाले कार्यालय प्रमुखका लागि भनी चारपाङ्गे सवारी खरिदको लागि रू. १ करोड विनीयोजन गरी HWD Hardtop Jeep SUV, २००० सि.सि.१७५ ग्राउण्ड क्लियरेन्स तथा २५०० के.जी.भन्दा कम हुन नहुने भनी स्पेशिफिकेशन तयार गरी विद्युतिय बोलपत्र आह्वान गरेको देखियो । सबैभन्दा घटी कबोल गर्ने श्री अग्री इन्कर्पोरेटेड प्रा.लि.सँग रु.७३७५०००(मु.अ.कर सहित) मा एक थान स्कारपियो खरिद गरी भुक्तानी गरको छ । सार्वजनिक कोषबाट यसप्रकारका सवारी साधन खरिद गर्दा आवश्यकता र औचित्य पुष्टि हुने गरि मितव्ययिता अपनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५८ **मोटरसाईकल खरिद :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था रहेको छ । पालिकाले विभिन्न समयमा निर्णय गरी पालिकाको प्रयोजनार्थ ४ थान विभिन्न कम्पनीको मोटरसाईकल खरिद गरेको देखिन्छ । मोटरसाइकल खरिदको निर्णय एकैपटक नगरी पटक पटक टुक्राएर खरिद गरेको कार्य नियमसम्मत मान्न नसकिएको रु.

गौ.भौ./मिति	विवरण	रकम	कैफियत
२५-२०८१।९।७	लक्ष्मीट्रेडिङ हाउसबाट हिरो मोटरसाईकल खरिद	४८४०००	कोटेशन खरिद
८७-२०८२।२।१३	समृद्धीएण्ड ब्रदर्स अटो प्रा.ली.फिदिम २ थान मोटरसाईकल खरिद	६०९७९६	कोटेशन खरिद
१२७-२०८२।३।६	फिदिममोटर पार्टसबाट हिरो मोटरसाईकल खरिद	४७४९००	कोटेशन खरिद
जम्मा		१५६८६९६	

अनियमित भएको	१५,६८,६९६

५९ **बढी परिमाण भुक्तानी :-** (५६-2081-12-25):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४३,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६० **अनुदान खर्च :-** (४५-2081-11-12):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२८४,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६१ **खरिद पाइपको मौज्जाद परिमाण :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले ग्याविन बक्स, CGIC Sheet र पाइप खरिद कार्यको रू.२२०१५५२२ को लागत अनुमान तयार गरी मिति २०८१।९।९ मा खरिद कार्यको लागि सूचना प्रकाशन गरेको छ ।लागत

अनुमानको भन्दा ३०.१५ प्रतिशत न्यून कबोल गर्ने ग्रिन लिफ प्रा.ली.सँग १३२७४२४.८२ (भ्याट बाहेक) मा मिति २०८१।१२।३ मा ४५ दिनको समयअवधी राखी सम्झौता गरेको देखिन्छ । माग बमोजिमका तपसिलका सामाग्री पालिकाले मिति २०८२।२।४ मा दाखिला गरेको निम्न सामाग्री मध्ये पोलेथिनको पाइप गत विगतको पुरानो मौज्जाद १०३६ मिटर र यस वर्ष ३१७७४ मिटर पाइप खरिद भएको देखिन्छ । पालिकामा वर्षान्तसम्ममा ४२०० मिटर पाइप मौज्जाद रहेको देखिएको छ । लागत अनुमान तयार नगरी एममुष्ट खरिद गर्दा खरिद र माग बिच फरक परेको देखिन्छ । अत विगत वर्षको माग तथा आवश्यकता समेतको ध्यानमा राखी सामाग्री खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । यसरी बर्षान्त सम्म प्रयोग नभई मौज्जाद रहेको पाइप तथा ग्याविन जालीको कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.

सि.न.	सामानको विवरण	बर्षान्तको मौज्जाद	दर	रकम
१	पाइप-२० एम एम	३६००	२३.५१	८४६३६
२	पाइप-३२ एम एम	६००	५९.२३	३५५३८
३	ग्याविन बक्स २*१*१	५	२४०	१२००
४	कुल			१२१३७४

प्रमाण पेश नगरेको	१,२१,३७४

६२ **खर्च रकमको पुष्टाई :-** (११४-2082-02-26):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले च्याङ्थापु कुवापानी ढाडगाउ सुन्दरपुर मोटरबाटो निर्माण योजना वापत माङ्गेनालुङ कन्ट्रक्सनलाई रू.९६३४१७ भुक्तानी भएको छ ।जसमा नयाँ ट्राक खोल्ने काममा माटो कटिङ्गको कार्य १७५९.२९ घनमिटर भएको देखिन्छ ।पुन सोहि परिमाणको खनेको माटो फाल्ने भनी रू.२५४७८६ भुक्तानी भएको देखिन्छ ।लागत अनुमान तयार गर्दा बस्ती नभएको स्थान भनी उल्लेख गरेकोमा निर्माण कार्य गर्दा बस्ती रहेकोले माटो अन्यत्र लगेर फाल्ने कार्य गरेको भनी पालिकाले उल्लेख गरेको छ ।बस्ती रहेकोले माटो अन्यत्र लगेर फाल्नुपर्ने कुनै आधार प्रमाण संलग्न गरेको देखिएन । अत कुनै प्रमाण तथा आधार विना खनेको परिमाणकै फालेको भनी भएको भुक्तानीलाई पालिकाले यकिन गरी नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	२,५४,७८६

६३ **ल्याडफिल्ड साइट व्यस्थापन :-** (१०८-2082-02-26):

पालिकाले स्थानीय फोहोर मैला व्यवस्थापनको लागि फोहोर फाल्ने स्थानमा ग्याविन जालीको कार्याका लागि बुद्ब निर्माण सेवासँग सम्झौता गरी रू.१९७७५० भुक्तानी गरेको देखिन्छ ।जग्गा प्राप्तीको प्रक्रियामा रहेको कारण हाल ल्याण्ड फिल्ड साईट निर्माणका लागि आवश्यक पूर्व सम्भ्याव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङकन, निर्माण कार्यको लागत अनुमान जस्ता कार्य भएको देखिएन । ल्याण्ड फिल्ड साइट निर्माण खोला नजिक एवं खुल्ला ठाउमा गरेको देखिदा स्थानीय स्वीकार्यता र ल्याण्ड फिल्ड साईट निर्माणको जग्गाको स्वामित्व विषयको यकिन गरी निश्चित मापदण्ड तथा कार्यविधि तयार गरी ल्याण्डफिल्ड साईट निर्माण तथा व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६४ **YRM/NCB/WORKS/No-01-081/82 च्याङ्गथापु तथा ओयाममा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकी निर्माण: -**

पालिकाले च्याङ्गथार्पु र ओयाममा बर्थिङ्ग सेन्टरसहितको स्वास्थ्य चौकी निर्माणको लागि रू.२७३१८९४६।७३ (मु.अ.कर बाहेक) को लागत अनुमात तयार गरी मिति २०८१।५।३१ मा सूचना प्रकाशन गरेकोमा तारा ल.बि.किरण जे.भी.ले लागत अनुमान भन्दा २.२७ प्रतिशत न्यून रु. २६६९९५५८ (मु.अ.कर बाहेक)मा ठेक्का कबोल गरी २०८१।८।२७ मा सम्भौता भएको देखिन्छ। GCC ३४.३ मा ३० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने भनी उल्लेख भएको र सो नगरेमा ५०,००० रकम विथहेल्ड गरिने भनी उल्लेख भएकोमा संलग्न कागजातमा कुनै कार्यतालिका अपडेट भएको देखिएन । सम्झौताको शर्त पालना गराई निर्माण कार्य गराउनुपर्दछ ।

६४.१ **भेरिएसन :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको अवस्थामा भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले मिति २०८२।१।३ गते पिल्न्थ बिम सम्म प्रयोग हुने ढुंगाको गार्होको परिमाण विओक्यूमा उल्लेख भएको भन्दा बढी हुने तथा पि.सि.सि.१:३:६ को कार्य समेत बढ्ने देखिएकोले भेरिएसन-१ गरेको भनी उल्लेख भएको छ । पालिकाले तयार गरेको लागत अनुमानमा पि.सि.सि.१:३:६ को परिमाण ४०.५० रहेकोमा लागत अनुमानको सारसंमा सो परिमाण भुलवस ५.३० घनमिटर हुन गएको भनी भेरिएसन गर्दा दररेटमा कुनै नेगोसिएसन नगरी निर्माण व्यवसायीले बिडिङ्ग डकुमेन्टमा पेश गरेको दररेट रु.९००० मा नै सम्झौता गरेको देखिन्छ । यसरी सम्झौताको समयमा विओक्यूमा उल्लेख भएको परिमाण छुट भएको आधारमात्र लिएर गरेको भेरिएसन कार्यलाई नियमसम्मत मान्न सकिएन साथै गौ.भौ.न.४९ बाट अग्रीम बैंक जमानत पेश गरी रु.२६७०००० पेश्की दिएको देखिन्छ ।बैंक जमानतको म्याद २०८२ भाद्र १० सम्म रहेकोमा लेखापरीक्षणको अवधी सम्म म्याद थप भएको समेत नदेखिदा पालिकाले आवश्यक कागजात अद्यावधिक गरी समयानै कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६४.२ **जिन्सी सामाग्री :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । हाल स्वास्थ्य चौकी रहेको ठाँउमा रहेका दुई वटा पुराना भवन भत्काउनका लागि रू. १५०००० मध्ये हालसम्म रू.९००६५ भुक्तानी भएको छ । पुराना भवनको काठ,टिन लगायतका सामाग्रीको के कति रहेको थिए र सो को प्रयोगको सम्बन्धमा प्राविधिक मुल्याङ्कन पेश गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रु **९०,०६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६५ **नर्म्सको प्रयोग :-** (११९-2082-02-29):

पालिकाले स्वीकृत नर्म्समा उल्लेख भए बमोजिमको मानिस, सामाग्री तथा उपकरणहरुको प्रयोग गरी सोहि बमोजिम बिल भरपाई तयार गर्नुपर्दछ । पालिकाले खमारे वरडाँडा सडक स्तरउन्नती याङवरक वडा नं. ४ को मेदिवुङ्ग विकास संस्थालाई रु.५७४५३६ को मुल्याङ्कन बमोजिम पालिकाबाट रू.४८४९९६ भुक्तानी भएको छ ।कुल खर्चमध्ये रू. ५४४२४० को डोर हाजिरीबाट भुक्तानी गरेको देखिन्छ । पालाकले ढुंगा संकलन तथा बोक्ने सम्मको काम मानिसले गरेकोले डोर हाजिरी बढी देखिएको भनी जनाएको छ । पालिकाले २*१*१ को ज्याविन जाली जम्मा ११००० को मात्र खरिद भएको देखिएकोले नर्म्समा भएको व्यवस्था भन्दा फरक देखिने गरी बिल भरपाई राखी रकम भुक्तानी गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

६६ **फर्निचर निर्माण :-** (११०-2082-02-26):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले थर्पु माध्यमिक विद्यालयका लागि डेस्क तथा बेञ्च १०८ थान निर्माण कार्यका लागि रू.४९९९९६ भुक्तानी गरेको छ । विद्यालयले कार्य सम्पन्न गरी विद्यालयमा पेश गरेको नापी किताब बमोजिम २९० क्यू.फिट काठको प्रयोग गरी डेस्क बेञ्च निर्माण भएको भनी उल्लेख भएकोमा संलग्न बिजक तथा भरपाईमा ६७२ क्यू.फिट काठ प्रयोग भएको भनी प्रति क्यू.फिट ४३५ का दरले भुक्तानी भएको देखिएकोले नापी किताबभन्दा ३८२ क्यू.फिट बढी काठको प्रयोग सम्बन्धमा पालिकाले छलफलको क्रममा विद्यालयसँग समन्वय गरी यकिन गर्ने भनी जनाएको छ । अत बढी प्रयोग दखिएको ३८२ क्यू.फिट काठको प्रयोगको प्राविधिक पुष्टाई पेश हुनुपर्ने अन्याथा चाहिने भन्दा बढी परिमाणको काठको रकम सम्बन्धित उपभोक्ता समितिमार्फत असुल हुनुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१,६६,१७०

६७ **विगत आ.ब.को भुक्तानी बाँकी रकम :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाभित्र नेपाल सरकार, स्विस

सरकार र स्थानीय तहबिचको साझेदारीमा संचालित झोलङ्गे पुलको अवस्था हेर्दा आ.ब.२०८०/८१ मा सम्पन्न भएकामा झोलुङ्गे पुल मध्ये निम्न योजनाको रकम सम्झौता बमोजिम प्राप्त हुन नसकेकोले रु. ५९३८५२३ भुक्तानी बाँकी रहेको भनी पालिकाले भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी राखेको देखियो । आ.ब.२०८०/८१ मा सम्पन्न भएका योजनाको लागि रकम प्राप्त नभएकोले पुन यस आ.ब.मा समेत कच्चावारी प्रमाणित गरी राखेको देखिन्छ । अत समयमा नै सम्झौता बमोजिम रकम माग गरी रकम भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सि.नं.	कार्यक्रमको नाम	भुक्तानी बाकी रकम	आ व २०८१/०८२ मा भुक्तानी भएको रकम	भुक्तानी बाकी रकम	यो वर्ष भुक्तानी गरेको आधार
१	लुङ्माखोला झो.पु	१२०००००	३६००००	८४००००	गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा म.ले.फारम २२१ प्रमाणित
२	रविखोला पावरहाउस झो.पु	८३८५२३	३६००००	४७८५२३	गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा म.ले.फारम २२१ प्रमाणित
३	साठिमुरे झो..पु	१६०००००	३६००००	१२४००००	गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा म.ले.फारम २२१ प्रमाणित
४	लिगलिगे लामासिङ झो.पु	१७५००००	३६००००	१३९००००	गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा म.ले.फारम २२१ प्रमाणित
५	नुवाखोला ढङढङे झो पु	१५५००००	३६००००	११९००००	गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा म.ले.फारम २२१ प्रमाणित

६८ **परामर्श सेवा खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवाबाट खरिद गर्न सकिने व्यवस्था गरेको छ ।सार्वजनिक श्रोत साधन प्रयोग गर्ने निकायले परामर्श सेवा सम्वन्धी योजना छनोट तथा संचालन गर्दा कार्यान्वियन योग्यता हेरेरमात्र गर्नुपर्दछ । पालिकाले निम्न कार्यको लागि परामर्श सेवा वापत रु.६४,९९,००० भुक्तानी गरेको छ । चालु बजेट तथा कार्यक्रममा निर्माण भएका विस्तृत परियोजना प्रतिवेदन मध्ये केही प्रतिवेदनको लागि बजेट बिनियोजन तथा प्राप्त भएको देखिएन ।बजेट विनियोजन नहुने योजनामा परामर्श सेवा अन्तर्गत कार्य गरिनु तथा खर्च लेखिनुले उक्त खर्च प्रयोजन विहिन हुन सक्ने देखिएकोले आवश्यकता तथा औचित्यता र कार्यान्वियन क्षमता समेतलाई विचार गरेरमात्र परामर्श सेवाबाट खर्च लेख्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

क्र.सं.	परामर्श सेवाको विवरण	कुल खर्च रु	उपयोग तथा कार्यान्वयन अवस्था
१	कृषी गुरु योजना निर्मण	९९१०००.००	कार्यन्वयनको चरणमा रहेको
२	सामाजिक परिक्षण	५०००००.००	कार्यन्वयनको चरणमा रहेको
३	ल्याण्डफिल साईट IEE report	४८८०००.००	बजेट मागको चरणमा रहेको
४	DPR ल्याण्डफिल साईट	४५२०००९.००	बजेट मागको चरणमा रहेको

६९ **प्रमाण कागज पेश :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सार्वजनिक नियकायले खर्च गर्नु अघि आवश्यक बिल भरपाई तथा प्रमाण कागजात रुजु गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाले पेश गरेका श्रेस्ताहरु मध्ये नमूना छनौटगरी परीक्षण गर्दा देहाय बमोजिम खर्च लेख्दा आवश्यक बिल भरपाई वेगर प्रचलित कानून बमोजिमको रीत नपुर्याई खर्च लेखेकोले सो प्रमाण पेश गर्नुपर्ने रु.

भौ.न.	विवरण	समितिको नाम	रकम	कैफियत
६७	ओयामबजार खानेपानी मर्मत याङवरक ३ (	ओयाम खानेपानी तथा सरसफाई उपभोक्ता समिति	६२४४६	यसमा नापी किताबमा रू.१०४९७५ को २८५ के.जी. पाइपको प्रयोग भएको भनिएकोमा बिजकमा रु.४२५१०को मात्र पाइप खरिद भएको देखिएकोले नापी किताबमा पाइपको परिमाण बढी भुक्तानी भएको रकम सम्बन्धमा पालिकाले यकिन गर्नुपर्ने ।
जम्मा			६२४४६	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१२३,६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **११७,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **९१,४४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	६२,४४६

७० **पोखरी निर्माण-**

लागत अनुमान रु. ६९४६१६१३.१७ रहेको पालिका प्रशासकीय भवन नजिकैको निशान कालिका धाम तथा याङवरक पोखरी संरक्षणका लागि पालिका र सि एम । जोशी । अंशु जे भी विच मिति २०८१।६।१ भित्र काम सम्पन्न गर्ने गरी मिति २०७८।५।२४ मा रु ६,४४,२५,०९२।४८ मा सम्झौता भएको निर्माण ठेक्काको फाईल परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार छनः

७०.१ (३-2081-06-08):

वोनसः सम्झौताको जि सि सि ५६.१ मा सम्झौता अगावै काम सम्पन्न भएमा प्रतिदिन ०.०५ प्रतिशत वोनस दिन सकिने व्यवस्था गरिएको छ । निर्माण व्यवसायीले सम्झौता अवधि भन्दा १९४ दिन अगावै काम सम्पन्न गरेको भनि मु अ कर समेत रु ६०,८०,९८०। १४ मिति २०८०।११।२३ मा जारी विजकबाट वोनस माग गरेकोमा पालिकाबाट १८४ दिनको मु अ कर समेत रु ५७,६७,५२७। पुरस्कार भनी भुक्तानी दिएको देखियो ।वोनसको सम्वन्ध निर्माण कार्यको अवधि संग सम्वन्धित हुने हुनाले कामको जटिलता कारोवारको आकारका आधारमा अवधि निर्धारण गर्नु पर्नेमा ति विषय विचार नगरी ३ वर्ष अवधि राखिएको साथै डि पि आरले डिजाईन गरेका सवै काम नसमेटी काम घटाएर ठेक्का व्यवस्थापन गरेको, सम्झौता पछि भेरिएशन गरी काम घटाएको, सम्झौता हुँदाको वखत निर्माण व्यवसायीबाट पेश भएको planned work schedule र निर्माण भएको कार्यको actual work schedule (Implemented work schedule) सहितको s curve (Yield/value analysis) वनाई पेश गर्नुपर्नेमा सो नगरेको अवस्थमा वोनस भुक्तानी दिएको तथा लागत अनुमान तयार गर्दा कानुन बमोजिम निर्माण गर्न लाग्ने समय नखुलाउने तर सम्झौता गर्दा बिना आधार निर्माण अबधि दिएको देखिन्छ ।पालिकालाई अतिरिक्त व्ययभार पर्ने गरी सम्झौतामा वोनस दिने प्रावधान राखेको एवं भुक्तानि दिनु अघि हेरिनु पर्ने विषयय हेरिएको पर्याप्त प्रमाण वेगर नै उक्त वोनस दिने गरी गरेको निर्णय नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	६०,८०,९८०

७०.२ **संचालन मोडालिटी:** निर्माण सम्पन्न भई कार्य स्वीकार गरी प्रयोगको अवस्थामा रहेको उक्त निशान कालिका धाम तथा यामवरक पोखरी हाल के कुन मोडेलमा संचालन गर्ने भनी एकिन गरेको देखिएन । स्थलगत रुपमा भ्रमण गर्दा घाँस उम्रिएको एवं फोहोर छरिएको अवस्थमा देखियो । आन्तरिक आय आर्जन हुने गरी निर्माण सम्पन्न भए पछि प्रयोगमा ल्याउनको लागि कार्यविधि तयार गरी संचालनमा

आएको हुनुपर्नेमा हाल सम्म संचालनको कार्यविधि समेत तयार नभएकोले पालिकाले उपयुक्त मोडालिटी तयार गरी संचालनमा ल्याउनु पर्दछ ।

७१ हेभी इक्विपमेण्टको प्रयोग :-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत तथा वडाबाट सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

भौ.न./मिति	योजनाको नाम	रकम	निर्माण व्यवसायी	रकम
६८-२०८२।१।१४	फाक्लुङ्ग फलाम खोला सडक मर्मत	१४२१८९	कान्ती कृती कन्सट्रक्सन प्रा.ली.	१५८६७७
७६-२०८२।१।१५	सेरेजा सडक मर्मत	९६९९९	दोखु कन्सट्रक्सन ताप्लेजुङ्ग	११७१८१
७९-२०८२।१।१५	नेखेवा नाम्रेक सडक मर्मत	१४५४८३	तरेवा कन्सट्रक्सन पार.ली.	१४३५५५
८९-२०८२।२।१३	२ न वडा अन्तर्गत फलैचा स्वास्थ्य चौकी सेपि चप्लेटी सडक मर्मत	१९३९९८	फिदिम कन्सट्रक्सन एण्ड सप्लायर्स	१६४०२२
१०५-२०८२।२।२६	कुवापानी समरजुङ मगरडाँडा खोलाघारी वि.ओ.पि सुकाढाप सम्मको मोटरबाटो मर्मत	२४२४९६	भोजपुरे कन्सट्रक्सन प्रा.ली.	२९२२२९
१५५-२०८०।३।१८	छाँगे खोलाघारी मोटरबाटो ट्रायक ओपन	९६९९३	माङ्गेनालुङ्ग कन्सट्रक्सन प्रा.ली.	१२३४५३
१६१-२०८२।३।१९	नरेश गोलाई देखी मार्सेटोल जोड्ने मोटरबाटो निर्माण कार्य	२९०९६६	बुद्ध निर्माण सेवा	३६९५३८
जम्मा		१२०९१२४		१३६८६५५

७२ लागत अनुमान संसोधन :-

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।गणेशचोक देखी नेवरगाउ मोटरबाटो मर्मत योजना वडा नं. ६को निर्माण कार्य पाथीभरा समाज सेवा टोल विकास समितिले मार्फत गरी रु.३६८५७४ भुक्तानी भएको देखिन्छ । जसमा शुरु लागत अनुमान भन्दा नापी किताबमा उल्लेख भएको परिमाण निम्न बमोजिम फरक हुदाँ समेत पालिकाले लागत अनुमान संसोधन भएको देखिएन यसरी लागत अनुमान र नापी किताबमा संसोधन भएकोमा लागत अनुमन संसोधन गरेरमात्र भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

विवरण	लागत अनुमान	नापी किताब	फरक
	घ.मी.		
Earth work excavation soil	१०९८	१८२४	७२६
Earth work excavation hard rock	७०	१२५	५५
Earth work excavation by manual means	६४.८४	१७७	११२
stone soling	६४.८४	३७.२३	-२८

७३ चिवाभञ्याङ्ग देखी तिम्बुपोखरी जाने पदमार्ग निर्माण :-

चिवाभञ्याङ्ग देखी तिम्बुपोखरी जाने पदमार्ग निर्माण वापत नुवाफुङ्ग क्लवलाई रु.११०१५९३ को बिल मध्ये पालिकाले रु.९६९९०८ भुक्तानी गरेको छ । जसमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

७३.१ **बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७,०८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३.२ **नभएको कामको भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१४८,७७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७४ **सोझै खरिद :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था रहेको छ । पालिकाले निम्न एकै प्रकृतीको कार्य समेत प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको देखियो ।जसले खरिद कार्य टुक्रा टुक्रा भएको र प्रतिस्पर्धा समेत भएको देखिएन ।अत: पालिकाबाट एउटै खर्च शिर्षकबाट एउटै प्रकृतीको कामका लागि अधिक प्रतिस्पर्धा हुनेगरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

भौ.न./मिति	विवरण	रकम	फर्मको नाम
२७-२०८१।९।८	थर्पुप्रहरी चौकी व्याबस्थापनको लागी फर्निचर खरिद	९९४००	मारुतीस्टोर्स
२८-२०८१।९।८	थर्पुप्रहरी चौकी व्याबस्थापनको लागी फर्निचर खरिद	६८९५२	मारुतिट्रेड एण्ड सप्लायर्स प्रा.लि.
५०-२०८१।११।२७	प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनको लागि सामाग्री खरिद	२५००००	मारुतीस्टोर्स
२३-२०८१।८।२८	वडा कार्यालयकोलागील्यापटप खरिद	८००००	तेजस्वी कम्प्युटरसपोर्ट
३०-२०८१।९।९	तेजस्वी कम्प्युटरसपोर्ट	१७००००	तेजस्वी कम्प्युटरसपोर्ट
५१-२०८१।१२।३	कार्यालयका लागिमेशनरी औजार खरिद	795224	मिराज आइटी उपकरण
१४७-२०८२।३।१७	मेशनरी औजार उपकरण	१९६६२०	तेजस्वी कम्प्युटरसपोर्ट
जम्मा		१६६०१९६	

७५ **पूर्वाधार लगानीमा स्वामित्व :-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका निम्न पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर संस्थामार्फत कार्य गराएको छ । पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन गर्न विवरण माग गरिएकोमा स्वामित्वको अवस्था खुलाई पेश गर्ने गरी विवरण माग गरिएकोमा निम्नानुसारका योजना व्यक्ति/सामुदायिक वनको जग्गामा निर्माण भएको देखिएकोले जग्गाको स्वामित्व सार्वजनिक कायम गरेरमात्र निर्माण कार्य गर्नुपर्दछ ।

गौ.भौ.न.	विवरण	रकम
१७५	शेर्पा संघभवन निर्माण याङवरक ५	१९३९९१
१८५	इक्साहाङ्गइक्सिमो पेखेइङ्ग वेघा भोवोजुम वडा नं. २	९६९९४६
जम्मा		११६३९३७

७६ **बढी भुक्तानी :-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट संचालित निम्न योजनामा बिलमा उल्लेख भएको रकम र विजकको जोडजम्मा फरक पारी भुक्तानी भएको देखिएकोले बिजक भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

गौ.भौ.न./मिति	विवरण	नापीकिताब बमोजिम	बिलभरपाई पेश	फरक
१७४-२०८२।३।२०	लुम्बाङगुखेलमैदान निर्माण वडा नं. ५	३२२६४८	३०३९७२	१८६७६
जम्मा				१८६७६

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,४३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७,५१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१८,६७६

७७ **१५ शैया अस्पताल-**

एकिकृत स्वास्थ्य कार्यक्रम अन्तर्गत गाउपालिकाको वडा नं १ मा १५ शैयाको अस्पताल निर्माण गर्न पालिका र निर्माण व्यवसायी श्री नमूना । वीर जे भी विच २०८०।५।१ मा निर्माण सम्पन्न गर्ने गरी २०७८।४।२१ मा रु १४७५२२६५४।४९ मा सम्झौता भएको पाईयो ।उक्त अवधि भित्र कार्य सम्पन्न नभई २०८२।५।१ मा निर्माण सम्पन्न गर्नु गरी दोश्रो पटक ११ महिना थप भएकोमा उक्त अवधि सम्म पनि निर्माण सम्पन्न भएको पाईएन । म्याद थप गर्दा भौतिक प्रगतिको अवस्था खुलाईएको छैन भने वित्तीय प्रगति ६४ प्रतिशत पुगेको देखिन्छ । आ व २०८१।८२ मा वजेट व्यवस्था नभएको कारण निर्माणको काममा समेत भएको पाईएन ।वजेट व्यवस्था गरी निर्माण कार्य सम्पन्न गर्न लगाई नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चत गर्नु पर्दछ ।

७८ **वयम बृहत खानेपानी आयोजना-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएका विषयहरु समेटेर बीमा गराउनु पर्ने व्यवस्था छ ।वयम बृहत खानेपानी आयोजनाका लागि पालिका र दिपेश पुडासाई विराटनगर विच २४ फाल्गुण २०८० मा रु रु २९८७४७७३।९७ मा सम्झौता भएको र सो को सिद्धार्थ ईन्स्योरेन्समा बीमा गरिएकोमा मिति २०८२।१।१० भेरिएशन हुदा रु ३८७३६९८३।६६ सम्झौता रकम वढन गएको

तर सो को बीमा थप भएको देखिएन । भेरिएशनबाट थप भएको उक्त रकममा ११५ प्रतिशतले हुने रु ४३८०९९३।५९ को १५ आषाढ २०८३ अवधि भएको बीमाको प्रमाण पेश हुनुपर्दछ ।

७९ **कृषि गरूयोजना**

गो भौ नं. ७८८।२०८२।३।१८

७९.१ **बढी भुक्तानी** - कृषि गरूयोजना तयारिको लागि २०८१।५।१३ मा पालिका र परामर्शदाता पिरामिड टेक्निकल इन्स्टीट्युट प्रा लि ईटहरी सुनसरी विच मिति २०८१।१०।३० मा काम सम्पन्न गर्ने गरी रु ९९१०१०।मा सम्झौता भएको देखियो । पालिकाबाट दर रेट निर्धारण र लागत अनुमान तयार गर्दा मुख्य कर्माचारी १ जना र सहायक कर्मचारी १ जना को ६ महिना लाग्ने गरी स्वीकृति र प्रस्ताव आव्हान गरेकोमा सोही वमोजिम छनौट भएको परामर्शदाताले पनि ति मुख्य कर्मचारीको मासिक रु ५००००। र सहायक कर्मचारीको मासिक रु ३००००। का दरले ६ महिना लाग्ने गरी प्रस्ताव पेश भएको देखिन्छ ।तर सम्झौताको अवधि भने ५ महिना १६ दिनका लागि मात्र गरिएको छ ।जस अनुसार १४ दिन कम अवधिका लागि राखी सम्झौता गरेकोले मुख्य कर्मचारीको रु २३३३३। र सहायक कर्मचारीको रु १४०००। गरि जम्मा रु ३७३३३। मा मु अ कर समेत रु ४२१८७।वढी भुक्तानी दिएको सम्वन्धित परामर्शदाताबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४२,१८७

७९.२ **ल्याण्डफिल साईट** - स्वीकृत वजेट अनुसन्धान र विकास शीर्षकमा विनियोजित वजेट रु १००००००। बाट वडा नं ६ खैरेनीमा २५ रोपनी क्षेत्रफलमा ल्याण्डफिल साईट निर्माण कार्य गर्न प्रारम्भिक वातावरणीय अध्ययन र विस्तृत परियोजनाको कामका लागि वजेट टुक्रा पारी विस्तृत परियोजनाको कार्य ड्रिम ईन्जिनियर्स प्रा लि फिदिम लाई रु ४९२९०६।र ल्याण्डफिल साईटको प्रारम्भिक वातावरण परीक्षणको कार्य साकुरा कन्सल्टेन्सी एण्ड ट्रेनिङ सेन्टर प्रा लि लाई रु ४८८२१९।भुक्तानी दिएको छ । प्रारम्भिक वातावरणीय अध्ययनमा वातावरण विशेषज्ञ ६० दिन लाग्ने गरी सम्झौता भएकोमा विस्तृत परियोजना अध्ययनमा समेत वातावरणीय विशेषज्ञ ३० दिन लाग्ने गरी प्रतिदिन रु २९००। का दरले रु ८७०००। भुक्तानी दिएको पाईयो । प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा विस्तृत परियोजनाको कामका गरिने हुदा विस्तृत परियोजनाको अध्ययनमा वातावरण विशेषज्ञको सेवा आवश्यक पर्ने देखिदैन । यसरी दोहोरो पर्ने गरी सम्झौता गरी वढी भुक्तानी दिएको रु ८७०००। मा मूल्य अभिवृद्धि कर समेत रु ९८३१०। ड्रिम ईन्जिनियर्स प्रा लि बाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९८,३१०

८० **भवन निर्माण-**

लागत अनुमान रु. ५,३८,९१,६९१.३३ रहेको संघीय सरकार अन्तर्गतको थर्पु माध्यामिक विद्यालयको ३ तलाको शैक्षिक भवन निर्माण सम्वन्धमा पालिका र निर्माण व्यवसायी हिमतारा पूर्वधार विकास कम्पनी लि ईटहरी विच २०८२।३।१ भित्र काम सम्पन्न गर्ने गरि मिति २०७९।३।९ मा रु ४४३४००५५।५२ मा सम्झौता भई मिति २०८१।९।७ मा कार्य सम्पन्न भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएका व्यहोरा देहायवमोजिम छनः

८०.१ **मूल्य समायोजन** - निर्माण व्यवसायीले अन्तिम विजकबाट छैठौ र सातौ रनिङ विलको मुल्य समायोजन वापत रु २८६०२२।३४ मा मु अ कर समेत माग गरेको छ। तर पालिकाको प्राविधकबाट छैठौ र सातौ विलको मूल्य समायोजन वापत गणना गर्दा रु १०९९९४।०१ मात्र हुने देखिन्छ । वढी माग गरेको कारण रु १७६०२८।३३ मा मुल्य अभिवृद्धि कर समेत रु १९८९१२। भुक्तानी दिन बांकिबाट घटाई भुक्तानी दिनुपर्ने रु

प्रमाण पेश नगरेको	१,९८,९१२

८०.२ **वोनस** - सम्झौताको जि सि सि ५६.१ मा सम्झौता अगावै काम सम्पन्न भएमा प्रतिदिन ०.०५ प्रतिशत वोनस दिन सकिने व्यवस्था गरिएको छ । निर्माण व्यवसायीले सम्झौता अवधि भन्दा १७४ दिन अगावै काम सम्पन्न गरेको भनि मु अ कर समेत रु ३८२५८३०।

भुक्तानीका लागि पेश गरेको छ । उक्त वोनसको रकम आगामी आ व मा वजेट सुनिश्चित गरि भुक्तानी दिन वाकी रु १३३०१९१५।७० मा राखिएको छ ।वोनसको सम्वन्ध निर्माण कार्यको अवधि संग सम्वन्धित हुने हुनाले कामको जटिलता कारोवारको आकारका आधारमा अवधि निर्धारण गर्नु पर्नेमा ति विषय विचार नगरी ३ वर्ष अवधि राखिएको, सम्झौता पछि भेरिएशन गरेको, सम्झौता हुदाको वखत निर्माण व्यवसायीबाट पेश भएको planned work schedule र निर्माण भएको कार्यको actual work schedule (Implemented work schedule) सहितको s curve (Yield/value analysis) वनाई पेश गर्नुपर्नेमा सो नगरेको तथा लागत अनुमान तयार गर्दा कानुन बमोजिम निर्माण गर्न लाग्ने समय नखुलाउने तर सम्झौता गर्दा बिना आधार निर्माण अबधि दिएको अवस्थामा वोनस भुक्तानी दिएको देखिन्छ ।पालिकालाई अतिरिक्त व्ययभार पर्ने गरी सम्झौतामा वोनस दिने प्रावधान राखेको एवं भुक्तानि दिनु अघि हेरिनु पर्ने विषयय हेरिएको पर्याप्त प्रमाण वेगर नै वोनस दिने गरी गरेको निर्णय नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	३८,२५,८३०

८०.३ **बीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएका विषयहरु समेटेर बीमा गराउनु पर्ने व्यवस्था छ । सिद्धार्थ ईन्स्योरेन्स लिको २३।६।२०२५ मा थप १२ महिना मेन्टीनेन्स अवधि भएको रु ५०९९१०६३।८५ विमांक भएको मिति २०७९।३। २४ मा जारी भएको विमा भएता पनि दोश्रो भेरिएशनबाट थप भएको रु २९१८४५५। मा १५ प्रतिशत थप रु ४३७७६८। गर्दा हुने रु ३३५६२२३। को २३।६।२०२५ सम्म अवधि भएको बीमाको प्रमाण पेश हुनुपर्दछ।

८१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वटा वडामा १६ वटा योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ९६ दिनले ७५४६ दिन रोजगारी उपलव्ध गराई रु.६०९७८७६ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

८२ **सुरक्षित नागरिक आवास कार्यक्रम -**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ मा छनौट भएका लाभग्राहीलाई दुई किस्तामा रकम उपलब्ध गराउन सकिने व्यवस्था छ । त्यस्तै, कार्यविधिको ६ कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने व्यवस्था रहेको छ । पालिकाले ५१२ लक्षित वर्ग छनौट गरेकोमा यो आ.व. मा प्रथम किस्ता भुक्तानी लिने ३, दोस्रो किस्ता भुक्तानी लिने १५ र दुवै किस्ता एकमुष्ट भुक्तानी लिने ५ गरी जम्मा २३ लाभग्राहीलाई पालिकाले रु.६४०००० भुक्तानी गरेको छ । पहिलो किस्ता वापत ३ जनालाई दिईएको भुक्तानी रु.९०००० समयमै कार्य सम्पन्न गरी फर्स्यौट गरेको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	लाभग्राहीकोनाम,थर	ठेगाना	अनुदान रकम	कैफियत
१	पुर्णबहादुर बेघा	याङवरक-१	५००००	सम्पन्न
२	हरिभक्तअधिकारी	याङवरक-४	५००००	सम्पन्न
३	युवराजराई	याङवरक-१	५००००	सम्पन्न
४	विष्णुलालकोइराला	याङवरक-४	५००००	सम्पन्न
५	टेकबहादुर योङहाङ	याङवरक-४	५००००	सम्पन्न
६	अर्जुनथुलुङ	याङवरक-१	२००००	सम्पन्न
७	वीरबहादुर काम्बाङ	याङवरक-३	२००००	सम्पन्न
८	मणिराजकामी	याङवरक-६	२००००	सम्पन्न
९	मेलिजापन्दाक	याङवरक-६	२००००	सम्पन्न
१०	सुनिताराई	याङवरक-६	२००००	सम्पन्न
११	रनबहादुर लिम्बु	याङवरक-४	२००००	सम्पन्न
१२	धनहाङयोङहाङ	याङवरक-४	२००००	सम्पन्न
१३	सूर्यमानयोङहाङ	याङवरक-४	२००००	सम्पन्न
१४	इन्द्रबहादुर दर्जी	याङवरक-४	२००००	सम्पन्न
१५	कमलदर्जी	याङवरक-४	२००००	सम्पन्न
१६	विष्णुकुमारी लिम्बु	याङवरक-५	२००००	सम्पन्न
१७	बुधराजकाम्बाङ	याङवरक-५	२००००	सम्पन्न
१८	कविताराई	याङवरक-५	२००००	सम्पन्न
१९	प्रेमकुमार योङहाङ	याङवरक-६	२००००	सम्पन्न
२०	पूर्णबहादुर माबो	याङवरक-४	२००००	सम्पन्न
जम्मा			५५००००	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८३ **अनुदानको नियमित अनुगमन -**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट कृषि विकास तर्फ ९३ व्यक्ति तथा समुहलाई रु १७५०००० अनुदान वितरण गरेको छ । यस्ता खर्चको सदुपयोगको लागि अनुदानको नियमित अनुगमन भएको देखिदैन । पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्र.स.	आयोजना/कार्यक्रमको नाम	लाभग्राहीको नाम	अनुदान रकम	लागत सहभागिता	सम्झौता रकम	लाभान्वित संख्या
१	किवी खेति प्रवर्द्धन कार्यक्रम	श्री मान बहादुर नुगो	रु ७०,०००।-	रु ७०,१००।-	रु १,४०,१००।-	१ जना
२	किवी खेति प्रवर्द्धन कार्यक्रम	श्री हिमा किवी फर्म	रु १,८०,०००।-	रु १,८०,९१८।-	रु ३,६०,९१८।-	१ जना
३	व्यवसायिक तरकारी खेति विस्तार कार्यक्रम	श्री कैलाश चिया तथा जडिवुटी उत्पादक प्रा.लि.	रु १,००,०००।-	रु ७२,२७४।-	रु १,७२,२७४।-	१ जना
४	व्यवसायिक तरकारी खेति विस्तार कार्यक्रम	श्री फलैँचा महिला कृषक समूह	रु २,००,०००।-	रु १,२४,४५७।-	रु ३,२४,४५७।-	१३ जना
५	व्यवसायिक तरकारी खेति विस्तार कार्यक्रम	श्री अन्याम महिला कृषक समूह	रु १,००,०००।-	रु ३६,२६१।-	रु १,३६,२६१।-	११ जना
६	व्यवसायिक तरकारी खेति विस्तार कार्यक्रम	श्री भिमा कृषि तथा पशुपंक्षी फर्म	रु १,००,०००।-	रु ४६,९९८।-	रु १,४६,९९८।-	१ जना
७	सुन्तलाजात फलफुल खेति विस्तार कार्यक्रम	श्री नमुना कृषक समूह	रु ५,००,०००।-	रु १,६५,५००।-	रु ६,६५,५००।-	२३ जना
८	सुन्तलाजात फलफुल खेति विस्तार कार्यक्रम	श्री नवज्योती कृषक समूह	रु ५,००,०००।-	रु १,६६,५००।-	रु ६,६६,५००।-	४२ जना
	जम्मा		रु १७,५०,०००।-	रु ८,६३,००८।-	रु २६,१३,००८।-	९३ जना

अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुदान पश्चातको उपलव्धी मापन नगरेको अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने, अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन कारण अनुदानको वास्तविक क्षेत्रमा खर्च भई अनुदानको सही सदुपयोग भयो भन्न सक्ने अवस्था देखिएन। अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथामिकताका आधारमा लाभग्राहीले अनुदान नपाउने, प्राप्त अनुदानको उच्चतम सदुपयोगको सुनिश्चितता नहुने जोखिम रहने र वितरित अनुदानको प्रभावकारी रुपमा अनुगमन र मुल्याङन नहुने अवस्था छ । अनुदानको उचित उपयोग भए नभएको सम्बन्धमा पालिकाले मुल्याङकन गरी अनुदानलाई एकद्धार प्रणाली मार्फत प्रवाह हुने व्यवस्था मिलाउनु पर्दछ ।

८४ **सहकारी अनुगमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले

उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा १८ वटा सहकारी संस्थाको विवरण दाखिला गरेको देखिन्छ । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

८५ **सट्टा शिक्षक-**

पालिकाले गुप्तेश्वर माध्यामिक विद्यालयमा दरबन्दी रहेका शिक्षक सुर्य प्रसाद गौतमलाई पालिकाको शिक्षा शाखामा दरबन्दी नरहेको अवस्थामा समेत कामकाजमा राखेको देखिन्छ। साथै शिक्षक सुर्य प्रसाद गौतमको सट्टा शिक्षकको रुपमा सम्बन्धित विद्यालयमा विनोद दाहाललाई शिक्षक नियुक्त गरी तलब भत्ता बापत यस आर्थिक बर्षमा रु. ५,६७,९५७ भुक्तानी गरेको छ। पालिकाले सम्बन्धित शिक्षकलाई दरबन्दी रहेको विद्यालयमा फिर्ता गर्नुपर्दछ। पालिकाले सट्टा शिक्षक नियुक्त गरी थप आर्थिक दायित्व सिर्जना गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,६७,९५७

८६ **छात्रावास सञ्चालन अनुदान-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले विष्णु माध्यामिक विद्यालय, च्याङथापुमा आवासीय छात्रावास सञ्चालनको लागि यस आर्थिक बर्षमा रु. ११,००,००० भुक्तानी गरेको छ। पालिकाले छात्राबास सञ्चालनको लागि मापदण्ड बनाएको छैन। विद्यालयको अनुगमन गरी अवस्था यकिन पश्चात सुधार गर्नुपर्ने विषयहरुको पहिचान गर्ने तथा सुधारको प्रयास गर्ने कार्य समेत गरेको छैन। पालिकाले छात्राबासमा बस्ने विद्यार्थीहरुको संख्या तथा अवस्था यकिन गरी अवस्था सुधारको लागि पाठ्यक्रम तथा मापदण्डहरुको विकास, नियमित अनुगमन तथा निरन्तर सुधार गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

८७ **स्थानीय पाठ्यक्रम सहजिकरण पुस्तिका निर्माण-** (७४४-2082-03-13):

सार्वजनिक खरिदि नियमावली, २०६४ को नियम ६९(च) मा परामर्श सेवा खरिद गर्दा परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता र निजले गर्नु पर्ने कामको लागि लाग्ने अनुमानित समयको शर्त तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय पाठ्यक्रम सहजिकरण पुस्तिका निर्माण सम्बन्धी परामर्श सेवा खरिदका लागि साझेदारी विकास नेपालसँग रु. ४९४९४० मा सम्झौता गरेको छ। यस परामर्श सेवा खरिदको लागि पालिकाले रु. ४,९९,९९९ लागत अनुमान तयार गर्दा टोलि प्रमुखको ३० दिन कार्यअवधि राखी सो बापत ४०००० तथा विषय विज्ञको १५० दिन राखि रु. २,००,००० लागत अनुमान तयार गरेको छ। सामान्यत: टोली प्रमुखको अवधिभन्दा विषय विज्ञको अवधी बढी हुने देखिदैन ।टोलि प्रमुखको समयावधि ३० दिन राखेकोले विषय विज्ञको अवधी समेत ३० दिन नै राख्दा उक्त परामर्श खरिदको लागत अनुमान रु.३,३९,९९९ मा तयार हुने देखिन्छ। पालिकाले विषय विज्ञको समायवधि बढी राखि सो बमोजिम बढी रकमको लागत अनुमान तयार गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,६०,०००

८८ **समानिकरणबाट तलब भत्ता सुविधा -**

अर्थ मन्त्रालयको च. नं. १२१ मिति २०७८।३।२७ को पत्र अनुसार वित्तीय समानीकरण अनुदानको रकमबाट मासिक पारिश्रमिक तथा भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्था छ। पालिकाले समानिकरण अनुदानबाट विद्यालय व्यवस्थापन अनुदान उल्लेख शिक्षक तलबभत्ता बापत ९ वटा विद्यालयलाई रु. १०,५५,००० तथा महिला स्वास्थ्य स्वयंसेविकालाई खाजा भत्ता बापत रु. १३,५०,००० गरी जम्मा रु. १५,०५,००० भुक्तानी गरेको छ। वित्तीय समानिकरणबाट शिक्षक तलब भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२४,०५,०००

८९ **शिक्षा तर्फ** -

८९.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्रं.सं.	विद्यालयको नाम	वडा	जम्मा दरवन्दी	स्थायी पदपूर्ती	राहत पदपूर्ती	पदपूर्ति मध्ये करार	शिक्षण अनुदान	रिक्त दरबन्दी	विद्यार्थीसंख्या २०८२
१	आगेजुङ आ.वि. बोझेधारा	६	६	४	०	१	१	०	५२
२	भानु आ.वि. याङसिबुङ	५	८	६	२	०	०	०	५२
३	विष्णु मा.वि. च्याङथापु	१	१८	१०	४	४	०	०	२६३
४	वुद्ध आ.वि. चोत्रोक	३	८	४	३	१	०	०	९१
५	वुद्ध मा.वि. नाम्रेक	२	१०	५	५	०	०	०	१२७
६	चन्द्रोदय आ.वि. देविस्थान	४	२	२	०	०	०	०	२०
७	धर्मभक्त आ.वि. भञ्जयाङ	३	२	१	१	०	०	०	१२
८	गणेश मा.वि. नागी	६	१६	९	४	३	०	०	२६४
९	गुप्तेश्वर मा.वि. ओयाम	३	१६	९	१	६	०	०	२८७
१०	इन्द्रावती आ.वि. सेरेजा	२	३	३	०	०	०	०	३२
११	इन्द्रावती आ.वि. सामाङ्गु	३	२	२	०	०	०	०	२३
१२	जनचेतना आ.वि. ओखरबोटे	५	७	३	२	१	१	०	४८
१३	जनज्योती आ.वि. फाक्लुङ	३	१	१	०	०	०	०	१२
१४	जनकल्याण आ.वि., बरडाँडा	४	३	२	०	१	०	०	३४
१५	जनता आ.वि., वसन्तडाँडा	३	३	१	२	०	०	०	१६
१६	जनता आ.वि., खमारे	४	१	१	०	०	०	०	१२
१७	जसोदा आ.वि., फलैंचा	२	१	१	०	०	०	०	१०
१८	लेखनाथ आ.वि., सालबोटे	४	२	२	०	०	०	०	१२
१९	नारायणी मा.वि., गंगावा	२	११	५	५	१	०	०	१२५
२०	पवित्र आ.वि., ठिङ्गेपुर	१	२	२	०	०	०	०	१९
२१	फक्ताङ्लुङ आ.वि., लुम्बाङ्गो	५	१	१	०	०	०	०	१६
२२	पूर्ण आ.वि., विरुवा	१	२	१	१	०	०	०	३२
२३	सरस्वती आ.वि., मुकुबुङ	६	३	२	०	१	०	०	३६
२४	सरस्वति आ.वि., ऐंसेलुटार	५	३	३	०	०	०	०	३९
२५	सिद्धेश्वरी आ.वि., वारेवुङ	३	७	४	२	०	१	०	४५
२६	सिदिङ्गा आ.वि., नेखेवा	२	१	१	०	०	०	०	१२
२७	शिक्षानिकेतन आ.वि., दारिमबोटे	६	२	१	१	०	०	०	३३
२८	सिंहदेवी आ.वि., समरजुङ	१	७	४	१	१	१	०	४५
२९	सिंहवाहिनी आ.वि., मुसेपा	३	२	२	०	०	०	०	७
३०	सिंहकाली आ.वि., एकराते	१	२	१	१	०	०	०	७
३१	सिंहकाली आ.वि., तिम्तिम्बु	२	७	५	१	०	१	०	१०४
३२	सिरिसे मा.वि., सिरिसे	५	१२	५	३	१	३	०	१५३
३३	सूर्यकिरण आ.वि., साँगागाऊ	२	२	२	०	०	०	०	२७

३४	सूर्यप्रभात आ.वि., मुक्लाबु	२	२	१	१	०	०	०	२१
३५	सुर्योदय आ.वि., सेपि	२	३	२	१	०	०	०	२६
३६	थर्पु मा.वि., थर्पु	४	२०	१५	१	४	०	०	४५०
३७	तिम्बुपोखरी आ.वि., वर्मे	२	१	१	०	०	०	०	५
			१९९	१२४	४२	२५	८	०	२३८५

उल्लेखित ३७ वटा विद्यालयहरुमा कुल विद्यार्थी संख्या २३८५ जना र १९९ दरबन्दीमध्ये २५ जना शिक्षक करारमा कार्यरत रहेको देखिन्छ । शिक्षक तथा विद्यार्थी अनुपात मिलान गर्नुपर्दछ ।

८९.२ **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली २०५९ को नियम ९२ मा अनुसूची १२ वमोजिमको दरबन्दी एकिन गर्नुपर्ने प्रावधान रहेको छ । नेपाल सरकारबाट तयार गरीएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेको छ । गाउँपालिका अन्तर्गत विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम रहेको छ:

क्र.सं.	विद्यालयकोनाम,ठेगाना	तह	जम्मा दरवन्दी	विद्यार्थी संख्या	शिक्षकविद्यार्थीअनुपात
१	आगेजुङआ.वि. बोझेधारा	प्रावि१-५	५	२९	१:५.८
		निमावि ६-८	१	१७	१:१७
२	भानुआ.वि. याङसिबुङ	प्रावि१-५	५	२९	१:५.८
		निमावि ६-८	३	२८	१:९.३
३	विष्णुमा.वि. च्याङथापु	प्रावि१-५	७	६०	१:८.६
		निमावि ६-८	४	७६	१:१९
		मावि ९-१०	५	१०४	१:२०.८
		मावि ११-१२	२	१०७	१:५३.५
४	वुद्धआ.वि. चोत्रोक	प्रावि१-५	५	५०	१:१०
		निमावि ६-८	३	३१	१:१०.३
५	वुद्धमा.वि. नाम्रेक	प्रावि१-५	४	५२	१:१३
		निमावि ६-८	३	५१	१:१७
		मावि ९-१०	३	५३	१:१७.७
६	चन्द्रोदयआ.वि.देविस्थान	प्रावि१-५	२	१८	१:९
७	धर्मभक्तआ.वि.भञ्जयाङ	प्रावि१-५	२	९	१:४.५
८	गणेशमा.वि. नागी	प्रावि१-५	५	६०	१:१२
		निमावि ६-८	४	७२	१:१८
		मावि ९-१०	५	७६	१:१५.२
		मावि ११-१२	२	१०४	१:५२
९	गुप्तेश्वरमा.वि. ओयाम	प्रावि१-५	५	६५	१:१३
		निमावि ६-८	४	१०१	१:२५.३
		मावि ९-१०	५	११६	१:२३.२
		मावि ११-१२	२	६७	१:३३.५
१०	इन्द्रावतीआ.वि.सेरेजा	प्रावि१-५	३	२४	१:८
११	इन्द्रावतीआ.वि.सामाङ्खु	प्रावि१-५	२	८	१:४

१२	जनचेतनाआ.वि. ओखरबोटे	प्रावि१-५	६	२७	१:४.५
		निमावि ६-८	१	२५	१:२५
१३	जनज्योतीआ.वि.फाक्लुङ	प्रावि१-३	१	७	१:७
१४	जनकल्याणआ.वि., बरडाँडा	प्रावि१-५	३	३३	१:११
१५	जनताआ.वि., वसन्तडाँडा	प्रावि१-५	३	१६	१:५.३
१६	जनताआ.वि., खमारे	प्रावि१-३	१	१५	१:१५
१७	जसोदाआ.वि., फलैंचा	प्रावि१-३	१	७	१:७
१८	लेखनाथआ.वि., सालबोटे	प्रावि१-५	२	११	१:५.५
१९	नारायणीमा.वि., गंगावा	प्रावि१-५	५	३३	१:६.६
		निमावि ६-८	३	६०	१:२०
		मावि ९-१०	३	५२	१:१७.३
२०	पवित्रआ.वि., ठिङ्गेपुर	प्रावि१-५	२	१२	१:६
२१	फक्ताङ्लुङआ.वि., लुम्बाङ्गो	प्रावि१-३	१	१३	१:१३
२२	पूर्णआ.वि., विरुवा	प्रावि१-५	२	४०	१:२०
२३	सरस्वतीआ.वि., मुकुबुङ	प्रावि१-५	३	२८	१:९.३
२४	सरस्वतिआ.वि., ऐंसेलुटार	प्रावि१-५	३	४८	१:१६
२५	सिद्धेश्वरीआ.वि., वारेखुङ	प्रावि१-५	६	३१	१:५.२
		निमावि ६-८	१	१८	१:१८
२६	सिदिङ्गाआ.वि., नेखेवा	प्रावि१-३	१	७	१:७
२७	शिक्षानिकेतनआ.वि., दारिमबोटे	प्रावि१-५	२	१९	१:९.५
२८	सिंहदेवीआ.वि., समरजुङ	प्रावि१-५	६	२०	१:३.३
		निमावि ६-८	१	१७	१:१७
२९	सिंहवाहिनीआ.वि., मुसेपा	प्रावि१-५	२	७	१:३.५
३०	सिंहकालीआ.वि., एकराते	प्रावि१-५	२	१२	१:६
३१	सिंहकालीआ.वि., तिम्तिम्बु	प्रावि१-५	६	५२	१:८.७
		निमावि ६-८	१	४५	१:४५
३२	सिरिसेमा.वि., सिरिसे	प्रावि१-५	६	५३	१:८.८

		निमावि ६-८	३	५७	१९
		मावि ९-१०	३	४८	१६
३३	सूर्यकिरणआ.वि., साँगागाऊ	प्रावि१-५	२	२३	११.५
३४	सूर्यप्रभातआ.वि., मुक्लाबु	प्रावि१-५	२	१८	१:९
३५	सुर्योदयआ.वि., सेपि	प्रावि१-५	३	२९	१:९.७
३६	थर्पुमा.वि., थर्पु	प्रावि१-५	६	९७	१:१६.२
		निमावि ६-८	६	१६५	१:२७.५
		मावि ९-१०	५	१४९	१:२९.८
		मावि ११-१२	३	१३०	१:४३.३
३७	तिम्बुपोखरीआ.वि., वर्मे	प्रावि१-५	१	७	१:७
जम्मा-			१९९	२८३८	

उल्लेखित शिक्षक विद्यार्थी अनुपात विश्लेसण गर्दा अधिकासं विद्यालयमा शिक्षक विद्यार्थी अनुपान न्यून देखिन्छ । वसाईसराई र निजी विद्यालयको उपस्थितिले विद्यार्थी संख्या कम हुँदै गएको देखिन्छ ।न्यून विद्यार्थी भएका विद्यालयमा कार्यरत शिक्षकलाई बढि विद्यार्थी भएका विद्यालयमा दरबन्दी मिलान गर्नुपर्ने देखिन्छ ।

८९.३ **विद्यार्थी छात्रवृत्ती** - नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा संघीय बजेटबाट विपन्न लक्षित छात्रवृत्ति प्रति विद्यार्थी रु. ६००० को दरले ३६ जनालाई रु. २१६०००, अपाङ्ग छात्रवृत्ति २० जनालाई रु. १५६००० र ५४९ जना दलित एवम् छात्रालाई रु. २१९६०० गरी जम्मा रु. १२५२००० छात्रवृत्ती उपलव्ध गराएको छ । पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

८९.४ **दिवा खाजा** - कार्यक्रम कार्यान्वन पुस्तिका २०८१।०८२ अनुसार स्थानीय तहले विद्यालयमा कक्षा संचालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत वालबालिकाहरुका लागि दिवा खाजा उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु. १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने व्यवस्था रहेको छ। स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदानदिने व्यवस्था मिलाउने, तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्नुपर्दछ। पालिकाले यसवर्ष दिवा खाजा वापत ३७ विद्यालयलाई रु २८,९१,८१०।०० भुक्तानीदिएको छ। पालिकाले दिवा खाजामा एकरुपता तथा खर्चको सदुपयोगको लागि

पालिकाबाट अनुगमन गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ८९.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८९.५ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्र सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थी संख्या ९०४ जना रहेको छ। पालिकाले अंकुर डाइग्रोष्टिक एण्ड सर्जिकल सेन्टरबाट रु.१०५२९६२।०० (मु.अ.कर समेत) मा १२३८८ थान स्यानिटरी प्याड मिति २०८१।१०।२६ मा खरिद गरी मिति २०८१।११।२६ मा जिन्सी दाखिला भएको छ। दाखिला भएकै दिन सबै प्याड देहाय अनुसार १४ विद्यालयहरुलाई हस्तान्तरण गरेको देखिन्छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा ढिलो खरिद प्रकृया शुरु गरेको कारण ६९५० प्याकेट स्यानिटर प्याड १४ विद्यालयहरुमा मौज्दातमा रहेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान गरी समयमै आवश्यक परिमाणमा प्याड खरिद गर्नुपर्दछ ।

क्र. स.	विद्यालयको नाम	आ.व. २०८०।८१ को मौज्दात (विद्यालय अनुसार)	IEMIS मा भएको रेकर्ड अनुसार कक्षा ६ भन्दा माथीका छात्राको संख्या	आ.व. २०८१।८२ मा पालिकाबाट वितरण (मिति २०८१ फागुन २२) भएको प्याड संख्या	जम्मा प्याडको संख्या	आ.व. २०८१।८२ मा प्रयोग भएको जम्मा प्याडसंख्या	मौज्दात (विद्यालयअनुसार)
१	श्री विष्णु मा.वि	३६२	१९	२३२६	२६८८	१३८०	१३०८
२	श्री सिंहदेवी आ.वि	८६	१४०	१३३	२१९	१५६	६३
३	श्री नारायणी मा.वि	५७२	९	९३२	१५०४	११०२	४०२
४	श्री बुद्ध मा.वि	१३४	९	७५५	८८९	५९०	२९९
५	श्री सिंहकाली आ.वि	५०	२०	२८१	३३१	२२०	१११
६	श्री गणेश मा.वि	११९६	१६१	११२५	२३२१	१७७६	५४५
७	श्री भानु आ.वि	८२	५६	२३७	३१९	२१४	१०५
८	श्री आगेजुङ आ.वि	९५	२३२	१६३	२५८	१२९	१२९
९	श्री जनचेतना आ.वि	५६	१६	२३७	२९३	१३६	१५७
१०	श्री गुप्तेश्वर मा.वि	१५१२	११	१९६८	३४८०	२०२६	१४५४
११	श्री बुद्ध आ.वि	११०	११९	१७८	२८८	२३६	५२
१२	श्री सिद्धेश्वरी आ.वि	९२	५४	१३३	२२५	१५२	७३
१३	श्री थर्पु मा.वि	६१६	१७	३३७४	३९९०	२१३६	१८५४
१४	श्री सिरिसे मा.वि	५१७	४१	५४६	१०६३	६६५	३९८
	जम्मा	५४८०	९०४	१२३८८	१७८६८	१०९१८	६९५०

८९.६ **निजि विद्यालय नविकरण शुल्क** - पालिकाको आर्थिक ऐन, २०८१ मा आफनो क्षेत्र भित्र संस्थागत (निजी) विद्यालयहरु खोल्दा अनुमती शुल्क निर्धारण गरेको छ तर नवीकरण शुल्क निर्धारण गरेको देखिएन । पालिकामा देहाय बमोजिमका निजी विद्यालयहरु संचालनमा रही रहेकोमा करको दायरा भित्र ल्याउन सकिएको छैन । निजी विद्यालयहरुलाई करको दायरा भित्र ल्याउनु पर्दछ ।

क्र.स.	विद्यालयको नाम	वडा नं.	सञ्चालित कक्षा
१	रकबेल्ट इङलिस बोर्डिङस्कुल	१	१ देखि ६
२	ज्ञानज्योती इङलिसबोर्डिङ स्कुल	३	१ देखि ६
३	थर्पु सनसाईन इङलिसबोर्डिङ स्कुल	४	१ देखि ८
४	साईनिङ स्टार इङलिसस्कुल	४	१ देखि ७
५	नागी इङलिस स्कुल	६	१ देखि ५
६	पाथीभरा इङलिस बोर्डिङस्कुल	६	१ देखि ५

८९.७ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवंम पूर्वाधार व्यवस्थापन -**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर - कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन - राष्ट्रिय शिक्षा नीति,२०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन।अतःपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

(ग) अनुगमन - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

९० **स्वास्थ्य तर्फ**

९०.१ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको

हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेटवाट रु. ११७१००० र गाउँपालीका चालुवाट रु. १४७३४५० औषधि र उपकरण खरिद गरी जम्मा रु. २६४४४५० भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। पालिकाको स्टोरमा देहाय अनुसारको म्याद समाप्त भएको औषधि देखियो ।

सि.न.	औषधीको नाम	रकम	एकाई दर	म्याद सकिने मिति
१	Wright stain	१.००	११८६.५०	30-Sep-24
२	Vitamin B complex tablet	१६०.००	१.००	24-Dec-24
३	Blood Grouping Reagent	१३७८.००	२.००	30-Sep-24
४	Tetracycline 1% eye onitment	७.००	१.००	30-Nov-24
५	Bal vita	४०.००	१.७१	28-Feb-25
६	Ferrous sulphet 60 mg +folic acid tab	५७७६८.००	०.८७	31-May-25
७	Retinol (Vitamin A) 200000 iu Capsule	३००.००	२.४९	Feb-25
८	Rutf	८०.००	५२.९०	31-Mar-25
९	MB Combi Adult strips	२.००	२.८६	31-Dec-24
१०	(HR) Isonazide 75 mg +Rifampicin 150 mg tablet	२४.००	५.३०	31-Mar-25
११	Calcium Glucanate 10 ml injection	२६.००	५.००	30-Sep-24
१२	Hyosine Butylbromide 20 mg/ml injection	४०.००	६.००	30-Jun-25
१३	Gentamycin 80 mg /2ml injection	४०.००	६.००	31-Mar-25
१४	Metoclopramide 5 mg/ml injection	२५.००	१.००	31-Aug-24
१५	Acetyl Salicylic acid 75 mg (Asprin tablet)	५००.००	०.६०	31-Dec-24

अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

९०.२ **निःशुल्क उपचार सहायता** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ४३ जनाको लागि रु ३४९३००० खर्च भएको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

९१ **सामाजिक सुरक्षा** -

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ लगायतको प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता वितरण

कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले हिमालयन बैङ्कमार्फत सबै वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । याङवरक गाँउपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष संघीय सरकारबाट रु.६९०३४०००/- बजेट प्राप्त भएकोमा रु.६८६०६५५२.९३ खर्च भएको देखियो । यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्ः

९१.१ **नागरिकता नम्बर एउटै भएका लाभग्राही** - नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ । प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण यकिन गरी लगत कट्टा गर्नुपर्ने र दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आई एस अध्यावधिक गर्नुपर्दछ ।

परिचयपत्र नं.	वडा नं.	लाभग्राहीको नाम	नागरिकता नं.
२००१०५१५००९७९	१	कउसिला कामी	०२३००२-१२८
२००१०५१५०१०१९	१	श्रीमाया बेघा	०२३००२-१२८
१९९८१२३०४४०९५	१	राम प्रसाद भट्टराई	५३५
२००४१२३२०४२८१	१	सहर मान राई	५३५
१९९९०८२५००१८४	२	धनपति गिरी	५९३
२००९०६१६०१५१३	२	श्री कुमार बेघा	५९३
२०१३०४१००६१६५	२	कृष्ण माया राई	७२०
२०१५०९१७०१०१७	२	बुध माया बेघा	७२०
२०२४०८०७०१६४४	३	राम कुमारी राई	०२३००३/३११
२०२८०७०५०३१३३	३	सीता नुगो	०२३००३/३११
२०१४०८१४००१४४	४	हिमादेवी तावा	२३००४२७०
२०३२०४२६०००४३	४	अमृत देवाली	२३००४२७०
२०२१०९३००००४४	४	गिता भट्टराई	१६८
२०६१११९८०२८७२	४	मन्दिप बराईली	१६८
२००९०८०८०२०४३	५	भिम कुमारी लक्सम	२८९७
२०१०१२२१०२४४२	५	चन्द्रलाल अधिकारी	२८९७
२००५०४१८०१०६६	५	काशी नाथ अधिकारी	२८३८
२००६०९०६०००५२	५	पार्वता इम्बुङ	२८३८
२००४१२१३०१०५५	६	पुण्य माता घिमिरे	३८०९
२००६०४१३०१०३२	६	सुक माया योङहाङ	३८०९
२००५०११२०२१९६	६	तुलसा देवी अधिकारी	३९३४
२०१७१११३०००६९	६	गंगा माया सुनुवार	३९३४

९१.२ **बढी भुक्तानी फिर्ता** - पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्न बैंकलाई जम्मा रु.६८६०६५५२.९३ निकासा दिएकोमा आ.व. को अन्तिममा लाभग्राहीहरुको खाता बन्द भई बैंकमा मौज्दात रहेको रकम रु. ८३११७.०७ मिति २०८२।०३।३२ मा संघीय संचित

कोषमा दाखिला गरेको छ ।

९१.३ **अभिलेख विवरण** - लाभग्राहीको अभिलेख सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख सामाजिक सुरक्षा नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन ।

९१.४ **सामाजिक सुरक्षा भत्ता वितरणको तुलना**- यस पालिकामा आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसारका लाभग्राही रहेको देखियो:-

सि.नं.	लाभग्राही वर्ग	भत्ता दर (मासिक)	२०८०।८१ मा रहेका लाभग्राहीको संख्या (औसत ४ त्रैमासिकको)	२०८१।८२ मा रहेका लाभग्राहीको संख्या (औसत ४ त्रैमासिकको)
१	ज्येष्ठ नागरिक ६८ वर्ष माथि	४०००	१०९१	१११५
२	ज्येष्ठ नागरिक दलित	२६६०	५३	५२
३	ज्येष्ठ नागरिक एकल महिला	२६६०	१४८	१२७
४	विधवा	२६६०	१७४	१९२
५	पूर्ण अपाङ्ग	३९९०	२९	२८
६	अति अशक्त अपाङ्ग	२११६	८६	८६
७	दलित बालवालिका	५३२	६६	६२
	जम्मा लाभग्राही संख्या		१६४७	१६६२
	जम्मा खर्च रकम रु.		६७६४२४९२	६८६०६५५२.९३

पालिकामा सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा रु.६७६४२४९२ खर्च भएकोमा आ.व. २०८१।८२ मा रु. ६८६०६५५२.९३ खर्च भएको देखिन्छ । गत वर्षको तुलनामा यो वर्ष औसतमा १५ जना लाभग्राहीको संख्या बृद्धि भई रु.९६४०६०.९३ बढी खर्च भएको छ ।

९१.५ **एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट सो बमोजिम विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

९१.६ **समीक्षा र सार्वजनिक सुनुवाई-** सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधिको परिपालना भएको देखिएन ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : याङवरक गाउँपालिका, पाँचथर , याङवरक गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	स्काई पोख्रेल	२०८०-१०-२९	२०८१-०९-०९
कार्यालय प्रमुख	रामराज पौडेल	२०८१-१०-०२	हाल सम्म कार्यरत
लेखा प्रमुख	चुडामणी पुरी	२०८१-०४-०१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८५०,६३४	१४,९२८,२५८	३,३७६,४५४.८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१९,१५५,३४६.८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,७०४,७४३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१७,४५०,६०३.८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८६०२०८६२.३५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९४३०७१८१.०२	चालु खर्च	२८६२४५५४१.२२
प्रदेश सरकारबाट अनुदान	३३७८७६४८	पूँजीगत खर्च	१३९५१५७७३
राजश्व बाँडफाँट	८८४५५६१०.९९	वित्तीय/अन्य व्यवस्था	५४८३५१६.८४
आन्तरिक आय	७६१७६५२.७१		
अन्य आय	९६७४७१८.५६		
कुल आय	४३३८४२८११.२८	कुल खर्च	४३१२४४८३१.०६
बाँकी मौज्दात		८८६१८८४२.५७	

अनुसूची - २

बेरूजु दफा ३६.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.सं.	राजस्व शीर्षक	रकम
१	सम्पती कर	११०९१०
२	भुमिकर/मालपोत	१४५०९२५.९३
३	वहाल कर	१५३१७१२.८२
४	सवारी साधन कर (सानासवारी)	५००.००
५	व्यवसायले भुक्तानीगर्ने	५६००.
६	कृषितथा पशुजन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	३३७४८.७५
७	अखेटोपहारमा लाग्ने कर	४७१००.
८	अन्य कर	११०१४४.५७
९	अन्य निकायबाट प्राप्तब्याज	३०००.
१०	अन्य बिक्रीबाटप्राप्त रकम	१५०००.
११	अन्य सेवा शुल्क तथाबिक्री	३०००.
१२	न्यायिक दस्तूर	६६००.
१३	शिक्षा क्षेत्रकोआम्दानी	८९००.
१४	परीक्षा शुल्क	१७०००.
१५	अन्य प्रशासनिक सेवाशुल्क	४५८३७१०.
१६	नक्सापास दस्तुर	२५००.
१७	सिफारिश दस्तुर	२७९५५०.
१८	व्यक्तिगत घटना दर्तादस्तुर	२९८०००.
१९	नाताप्रमाणित दस्तुर	४३०००.
२०	अन्य दस्तुर	२८०८००.
२१	व्यावसाय रजिष्ट्रेशनदस्तुर	३३२०७०.
२२	जलस्रोत सम्बन्धी अन्यदस्तुर	१३५५०.
२३	अन्य क्षेत्रको आय	२४००.
२४	न्यायिक दण्ड जरिवाना र जफत	५०००.
२५	अन्य राजस्व	६०००.

२६	व्यवसाय कर	२०००.
२७	बेरूजू	६३५४३.
जम्मा		९२५६२६५.०७

बेरूजु दफा ८९.४ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र स	विद्यालयको नाम	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१	बिष्णु मा.वि, च्याङ्थापु	४७८९५	४४११५	४२३७५	४३२९०	१७७६७५
२	सिंहदेवी आ.वि, समरजुङ	१५१९५	१४७७५	१४२५०	१६३०५	६०५२५
३	पवित्र आ.वि. ,ठिङ्गेपुर	७२००	९६३०	५६२५	१०८००	३३२५५
४	पूर्ण आ.वि. , विरुवा	१६७५५	२४६३०	१९५९०	२१८१०	८२७८५
५	सिँहकाली आ.वि, एकराते	४६५०	५८६५	४८३०	४८७५	२०२२०
६	नारायणी मा.वि. , गंगावा	१८७८०	१६९८०	१२४५०	२३५६५	७१७७५
७	बुद्व मा.वि, नाम्रेक	३९८४०	३०१५५	२५५३०	३२२०५	१२७७३०
८	सिँहकाली आ.वि,तिम्तिम्बु	३८४३०	४१२०५	३२७६०	३७२१५	१४९६१०
९	इन्द्रावती आ.वि, सेरेजा	१९८४५	२०७९०	१२७५०	२४३९०	७७७७५
१०	तिम्बु पोखरी आ.वि, बर्मे	४९८०	४७२५	२७६०	३३३०	१५७९५
११	जसोदा आ.वि, फलैचा	८७६०	११६७०	४६६५	७१५५	३२२५०
१२	सूर्यकिरण आ.वि., सांगागाउँ	१०४१०	१८०४५	१२१०५	१४९१०	५५४७०
१३	सूर्यप्रभात आ.वि, मुक्लाबु	११७८०	१०३७०	८७८५	९७६५	४०७००
१४	सुर्योदय आ.वि, सेपि	१४४८५	१७९२५	१२७२०	१७८५०	६२९८०
१५	सिदिङ्गा आ.वि, नेखेवा	६९००	८४९०	५६४०	६२८५	२७३१५
१६	गणेश मा.वि, नागी	४८४५०	५९३२०	४४१००	५७००५	२०८८७५
१७	भानु आ.वि, याङसिबुङ	८८८०	१९९३५	१४०१०	१७७६०	६०५८६
१८	सरस्वती आ.वि, मुकुबुङ	२२००५	२०८२०	१४३४०	२२४१०	७९५७५
१९	आगेजुङ आ.वि, बोझेधारा	१९७१०	२६९७०	१८६००	२६७३०	९२०१०
२०	जनचेतना आ.वि, ओखरबोटे	१८८५५	२५७८५	१८२२५	२४१९५	८७०६०

क्र स	विद्यालयको नाम	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
२१	शिक्षा निकेतन आ.वि, दारिमबोटे	१३७१०	२२११०	२२११०	२१८४०	७९७७०
२२	फक्तालुङ आ.वि. लुम्बाङ्गो	५४६०	९०६०	७८७५	१०५९०	३२९८५
२३	गुप्तेश्वर मा.वि. ओयाम	४९४४०	४१८८०	३८३२५	४१४६०	१७११०५
२४	सिंहवाहिनी आ.वि, मुसेपा	५२५०	५६८५	३७३५	४९६५	१९६३५
२५	बुद्ध आ.वि, चोत्रोक	३३८४०	३३८४०	२३९५५	४२४९५	१३४१३०
२६	सिद्धेश्वरी आ.वि, वारेवुङ	१५०००	१५९३०	१५९३०	१७४००	६४२६०
२७	धर्मभक्त आ.वि, भन्ज्याङ	६०७५	७४४०	५४७५	२०४०	२१०३०
२८	इन्द्रावती आ.वि ,सामाङ्खु	१०५७५	११२५०	७५००	१५९००	४५२२५
२९	जनता आ.वि,बसन्तडाँडा	८८८०	९४५०	५५६५	९६००	३३४९५
३०	जनज्योती आ.वि, फाक्लुङ	८०८५	७५००	५१६०	९४३५	३०१८०
३१	थर्पु मा.वि, थर्पु	३७६०५	७८८५५	४३७७०	६२३८५	२२२६१५
३२	सिरिसे मा.वि, सिरिसे	३५१००	५३९१०	३६८८५	३८५०५	१६४४००
३३	सरस्वती आ.वि, ऐसेलुटार	२४३९०	२९४४५	२००८५	२४०७५	९७९९५
३४	चन्द्रोदय आ.वि, देविस्थान	९६००	१५६३०	९५२५	१२८८५	४७६४०
३५	लेखनाथ आ.वि, सालबोटे	६०६०	९९४५	६८२५	९६६०	३२७९०
३६	जनकल्याण आ.वि, बरडाँडा	२३७४५	२९८६५	१९३६५	२०६२५	९३६००
३७	जनता आ.वि ,खमारे,	८७९०	११९००	८०७०	९३३०	३७२९०
	जम्मा	**६८५४१०**	**८२५०९५**	**६०६२६५**	**७७५०४०**	**२८९१८१०**

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।